नेपालको पहिलो बौद्ध मासिक
# आनन्द भूमि

२०७० मंसिर पूर्णिमा/सकिमना पुन्हि- वर्ष ४१ अंक ७
बु.सं. २५५७ ने.सं. ११३४
The Ananda Bhoomi (Year 41, Vol. 7)
A Buddhist Monthly : Nov./Dec. 2013

*प्रमुख सल्लाहकार:*
**भिक्षु मैत्री महास्थविर (प्रमुख, आ. कु. वि.)**

*सल्लाहकार :*
**भिक्षु धर्ममूर्ति (कार्यवाहक प्रमुख, आ.कु.वि.)**

*व्यवस्थापक तथा वितरक:*
**भिक्षु पियदस्सी,** आनन्द कुटी विहार, ४२७१४२०

*व्यवस्थापन सहयोगी :* **भिक्षु सरणंकर**

*वितरण सहयोगी :* **विवेक महर्जन**

*लेखा व्यवस्थापन :* **सुरेश महर्जन,** स्वयम्भू

*आवरण डिजाइन/भित्री सेटिङ् :* **विनोद महर्जन**

*कम्प्यूटर सज्जा :* **राजकुमार छुका, ख्वप**

*सम्पादन सहयोगी :* **भिक्षु अस्सजि**

*सम्पादक/प्रकाशन संयोजक:*
**कोण्डन्य**
बुद्धविहार भृकुटीमण्डप, ४२२६७०२

***वितरणार्थ सहयोगीहरु:***
बुद्धजयन्ती समारोह समिति (श्रीघ:), शर्मिला श्रेष्ठ (बौद्ध वृद्धाश्रम बनेपा), अ. इन्द्रावती-धर्मकीर्ति, सरिता अवाले (ललितपुर), वज्राचार्य (ललितपुर), सुश्री वीणा कंसाकार (बौद्ध महिला संघ नेपाल), सुश्री शकुन्तला प्रधान, श्रीमती केशरी वज्राचार्य, सुवर्णमुनि शाक्य (भैरहवा), विद्यादेवी शाक्य (बुटवल), याम शाक्य (बेनी), सर्जुलाल वज्राचार्य, देवेन्द्र शाक्य (पाल्पा), कृष्णप्रसाद शाक्य (बाग्लुङ्), विजय गुरूङ् (लमजुङ्) ।

*मुद्रण:*
**आईडियल प्रिन्टिङ्ग प्रेस**, ग्वार्को, फोन: ५००७५६३
शाखा : पुल्चोक, फोन : २१२०२३५

*प्रकाशक:*
**आनन्दकुटी विहार**
आनन्द कुटी विहार, स्वयम्भू, फोन: ४२७१४२०
*का.जि.द.नं. ३४/०३४/०३५/म.क्षे.हु.नि.द.नं. ७/०६१/६२*

## बुद्धवचनामृत



अत्तानं एव पठमं - पटिरुपे निवेसये ।
अथञ्ञम'नुसासेय्य - न किलिस्सेय्य पण्डितो ॥

*अर्थात् : सर्वप्रथम आफूलाई उचित मार्गमा लगाउनु अनि पछि मात्रै अरुलाई उपदेश गर्नु. यसो गर्नाले पण्डितलाई क्लेश हुने छैन ।*

न्हापां थ:त भिंगु लँपुइ न्ह्याकि, अले तिनि मेपिन्त उपदेश कनेगु उचित जुइ, थथे याये फत कि पण्डितयाके क्लेश दइ मखु ।

Let one first establish oneself in what is proper, and then instruct others. Such a wise man will not be defiled or blamed by others.

**- धम्मपद, १५८**

**आनन्द भूमि**
**आनन्द कुटी विहार संस्था, पो.ब.नं. ३००७, काठमाडौं ।**
**फोन: ४२७१४२०**
E-mail : anandakutivihar@gmail.com
gkondanya@gmail.com
info@anandabhoomi.com
Website: anandakutivihar.com.np
**www.anandabhoomi.com**

**वार्षिक रू. १५०/- एकप्रति रू. १५/- वार्षिक ग्राहक बनी सहयोग गरौं ।**

# जिज्ञासा लुम्बिनीमा थेरवाद विहार निर्माण कहिले

सम्पादकीय

विगतमाझैं यसवर्ष २०७० मा प्रत्येक विहारविहारमा धार्मिक उत्सवमय कथिन-उत्सव गत कार्तिक ३ देखि मंसिर २ गते (कतिंपुन्हि-सकिमिलापुन्हि) सम्म मनाइएको छ । कथिन उत्सवको आफ्नै निदान-इतिहास, महत्त्व र विशेषताका कारण यसले यौटा छुट्टै थेरवादी धार्मिक संस्कृतिकस्वरूप प्राप्त गरिरहेको छ । विनयग्रन्थअनुसार बुद्धको समयमा यातायात असुविधा तथा वर्षायामको कारणले उत्पन्न हुने जीवहरूको उपघात हुने अपवादबाट बच्न, वर्षाले रूझी हुने रोगबाट मुक्त हुन, धर्मको गहिरो अध्ययन-अध्यापन, ध्यानाभ्यास, आध्यात्मिक-मानसिक चिन्तनको विकासकासाथै श्रद्धालु अनुयायी उपासकउपासिकाहरूले पनि धर्मश्रवण गरी ज्ञानलाभ गर्छन् भन्ने रचनात्मक अवधारणाको विकसितरूप स्वरूप 'वर्षावास' को विधान भएको हो भन्ने पक्षलाई नकार्न सकिंदैन । यसरी नै एउटै विहारमा तीन महिनासम्म अक्षुण्ण रूपमा निवासगरी धर्मको अभ्यास गर्ने भिक्षुहरूका लागि सुविधा र विनय-नियमको दृष्टिकोणबाट केही छुटकाराको व्यवस्थाका लागि स्वयं बुद्धकै विद्यमान अवस्थामैं प्रचलनमा देखिएको सांस्कृतिक विधान हो- कथिन चीवर दान ।

'**कथिन उत्सव**' निश्चित नियम र परिधिभित्र आबद्धभई सश्रद्धाले गर्ने धार्मिक कार्य भएकोले यसलाई आकाशबाट अवतरितझैं महान आनिशंस प्राप्त हुने दानमध्ये एक उत्कृष्ट दानको रूपमा परिभाषित गरिन्छ । आजभोलि 'कथिनोत्सव' मान्नु सम्बद्धविहार र भिक्षुहरूका लागि प्रतिष्ठा र गर्वको विषय बन्दैगएको छ भने प्रतिस्पर्धात्मक एवं बाह्य प्रदर्शनमा बढावा दिंदै अघिबढ्ने प्रयासबाट सम्बन्धित पक्ष सचेत हुनुपर्ने देखिन्छ, अन्यथा विकृतिले ठाउँ पाउने हुन्छ । कुनैपनि धर्मसंस्कृतिले आध्यात्मिक सुखशान्तिको अलावा त्यसले सामाजिक परिवर्तनमा भूमिका निर्वाह गर्नसके, जनस्तरबाट धान्न सके, सहजरूपबाट अपनाउँदै जानसके, आर्थिक मितव्ययी अपनाउन सके त्यस किसिमको सांस्कृतिक धरोहरले जरो गाड्दैजाने स्वाभाविक कुरा हुन् । जहाँसम्म कथिनोत्सवको कुरा छ, यसलाई उत्सवमैं मात्र सीमित गर्ने सोचबाट हामी सम्बन्धित सचेत हुनुपर्छ भन्ने मान्यताको कदर गरिनु हाम्रै लागि सुखद् विषय हुनसक्छ । श्रद्धा र आस्थासहित कथिनोत्सवमा हुने दान-प्रदानको संस्कार निश्चय पनि धर्मगौरवको विषय हो । व्यवस्थित, शिष्ट, सौम्यता अपनाई दानदिंदाको सुखद् आनन्द धर्मप्रीतिमा परिणत हुने सुनिश्चित छ । प्रतिष्ठित धार्मिक कार्यलाई सम्बन्धित सबैले धर्मगौरवपूर्वक त्यसलाई निरन्तरता दिने चेष्टा हामीमै हुनु नितान्त आवश्यक छ । नेपालमा थेरवाद बुद्धशासनभित्र सांस्कृतिक वार्षिक पर्वको रूपमा अगाडि बढेको धर्मगौरवमय कथिन उत्सवलाई निरन्तरता दिने कार्यमा एकरूपताका लागि, ज्ञानवर्द्धक एवं चारित्रिक र आध्यात्मिक ज्ञान अभिवृद्धि गर्ने, मानसिक सुखशान्ति विकास गर्नेतर्फ केन्द्रित गर्न हामी सबै सम्बद्ध अनुयायीहरूले धर्मको मर्मलाई ख्याल गरी अगाडि बढ्नु आफैमा महत्त्वपूण पाटो हो । हाम्रो धर्मसंस्कृतिलाई हामी आफैले गौरवपूर्ण तवरले स्वीकार गर्न सक्नुपर्छ । यसै कथिनोत्सव पर्वमा भिक्षु महासंघले गतवर्षमा जस्तै यस वर्ष पनि चन्दा-दान संकलन गर्ने अभियान थालेको थियो ।

अखिल नेपाल भिक्षु महासंघले लुम्बिनीमा थेरवाद बुद्धविहार निर्माण गर्न लुम्बिनी विकास कोषसँग जम्मा लागतको १५ प्रतिशत रकम रू. ३६,७३,२४५।-(छत्तिसलाख त्रिहत्तर हजार दुईसय पैंतालीस) बुझाई सम्झौता गरिसकेको छ भने सो प्राप्त जग्गामा रू. ५१,१७,८९०।-(एकाउन्नलाख सत्रहजार आठसय नब्बे) खर्च गरी पर्खालले घेर्ने कार्य गत वर्षमैं सम्पन्न गरिसकेको छ । समयमैं विहार निर्माण कार्य किन सुरू भएन भनी जिज्ञासा राख्नेहरूको उचित जिज्ञासाअनुरूप निर्माण कार्य यथासमयमैं शुभारम्भ गर्नेतर्फ सम्बन्धित निकायको ध्यानाकृष्ट हुनु जरूरी छ । उल्लेखनीय एवं थेरवाद बुद्धधर्मसम्बद्ध अन्तर्राष्ट्रियस्तरमा विहार निर्माणार्थ दूरगामी सोचसहित अगाडि बढ्नुपर्ने देखिन्छ । ६८ सालको कथिन माससम्म लगभग ८२,००,०००।- (बयासीलाख) संकलन भएको थियो भने सोही वर्षदेखि अखिल नेपाल भिक्षु महासंघले सम्बद्ध सम्पूर्ण संघसदस्यहरूलाई अनिवार्य रूपमा आर्थिक सहयोग गर्न आह्वान गरेअनुरूप सहयोग कार्य जारी रहेको छ । त्यसैले यसवर्षको कथिनोत्सव महिनाभरिमा प्राप्त दानमध्ये रू. २५०।- प्रति व्यक्तिले बुझाउनु पर्ने व्यवस्थासहित सम्पूर्ण अष्टपरिष्कार दानबाट उठ्ने एक प्रतिको रू. १५००।- रकम लुम्बिनीमा निर्माण गरिने विहारको लागि संकलन गरिने भनी गरिएको निर्णयलाई रचनात्मक कदम मान्न सकिन्छ । गतवर्ष २०७९ मा संघसदस्यहरूबाट रू. २५०।- प्रति व्यक्ति गरी रू. ४,९२,५७८।-, ४५ वटा विहारमा दान गरिएको अष्टपरिष्कारबाट जम्मा रू. १६,८०,५५०।-, र कथिनमासभरि दाताहरूबाट ७,४६,०५१।- संकलन भएको देखिन्छ । यसवर्षको कथिन मासमा समेत गतवर्षझैं सहयोग रकम संकलन हुने देखिन्छ । वास्तवमा यस्तो रचनात्मक पहलकदमीअनुरूप प्राप्त हुने आर्थिक सहयोगबाटै बुद्ध जन्मभूमि लुम्बिनी गुरूयोजनाभित्र नेपाली थेरवादीहरूकै प्रतिनिधित्वस्वरूप नेपाली थेरवाद बुद्धविहार निर्माण गर्न सकिने हुन्छ । सम्बन्धित श्रद्धालु दाताहरूको यथाश्रद्धालाई सदुपयोग हुने कार्यले दाताहरूबाट हुने श्रद्धादान कार्यमा अभिवृद्धि होस् भन्ने कामना गर्दछौं ।

# विषय-सूचि


| क्र.सं. | विषय | लेखक | पृष्ठ |
|---|---|---|---|
| १. | परमपूज्य राजगुरू १९ औं संघराज... | कोण्डन्य | ४ |
| २. | बुद्व, नेहरू र हरिवंशराय बच्चन | हरिश्चन्द्रलाल सिंह | ८ |
| ३. | बुद्ध र बुद्धोपदेश बारे केही त्रुटीपूर्ण धारणाहरू | चित्ररत्न शाक्य | ११ |
| ४. | धर्म-दर्शन | सत्यनारायण गोयन्का | १५ |
| ५. | बन्दना गाथा | | १७ |
| ६. | तुशिता : बुद्धधर्म अध्ययन केन्द्रस्थल तुलनात्मक विचार | केशरी वज्राचार्य | १८ |
| ७. | श्रावक यानको विकसित रूप महायान | लोकबहादुर शाक्य | २१ |
| ८. | भगवान् बुद्धको तेश्रो नेत्र | शुभरत्न शाक्य | २४ |
| ९. | श्रद्धा नै ठूलो हो | पूर्णकेशरी कारंजित | २६ |
| १०. | सन्दर्भ शाक्यानन्द स्मृति-दिवस | अर्चना शाक्य | २७ |
| ११. | मनूया शोभा | निर्मला श्रेष्ठ | २८ |
| १२. | सतर्क जुइनु | हेरारत्न शाक्य | २८ |
| १३. | कर्तव्य परायण सारिपुत्र | राज शाक्य | २९ |
| १४. | Religion and Rites | Suwarna Sakya | 30 |
| १५. | बौद्ध गतिविधि | | ३२ |


## थाइलैण्डका संघराजको निधनप्रति निर्वाण कामना



कार्तिक ७, २०७० बैंकक । मित्रराष्ट्र थाइलैण्डका १९ औं संघराज सोमदेत् प्रज्ञ ञाणसंवर सकलमहासंघपरिणायक महास्थविर १०० वर्षको उमेरमा निधन हुनुभयो । वाट बोवर्निवेश बैंककका प्रमुख दिवंगत संघराज महास्थविरको बुद्धशासनिक योगदानलाई स्मरण गरी अखिल नेपाल भिक्षु महासंघले वहाँलाई सुगतिसहित निर्वाण कामना गरिएको छ । साथै अनित्यस्मरणसहित निर्वाण कामना गरी अनित्यस्मरण-पत्र सम्प्रेषण गरिएको छ । यसरी नै केन्द्रीइ धर्मोदय सभाले पनि दिवंगत संघराजप्रति समवेदनासहित निर्वाण कामना गरेको छ । धर्मोदय सभाले वहाँको योगदानलाई स्मरण गरी अनित्यस्मरण-पत्र सम्प्रेषण गरेको छ । दिवंगत संघराज वि. सं. २०४२ सालमा नेपाल आउनुहुँदा कीर्तिपुरस्थित नगरमण्डप श्रीकीर्ति विहारमा ७३ जना नेपाली कुलपुत्रहरू प्रव्रजित भएका थिए ।



# परमपूज्य राजगुरू १९ औं संघराज सोमदेच् फ्रा ञाणसंवर सकलमहासंघपरिणायक

प्रस्तुति : कोण्डन्य

परमपूज्य राजगुरू सोमदेच् फ्रा. ञाणसंवर प्रारम्भिक जीवनमा छलेन रूपमा चिनिनुहुन्थ्यो र वहाँको पारिवारिक नाम हो- गजव्रत । उहाँ आफ्ना आमाबुबाका तीन सन्तानमा पहिलो पुत्र हुनुहुन्छ र उहाँको जन्मभूमि म्यानमार देशको सीमाना नजिकै पर्ने कन्चनपुरी भन्ने ठाउँ हो । वहाँको जन्म ३ अक्टोबर १९१८ (बुद्ध सं. २४५६) मा भएको थियो ।

परमपूज्य राजगुरू सोमदेच् फ्रा ञाणसंवरको बालककालदेखिको शान्त र जेहेनदार व्यक्तित्वले वहाँको भविष्यको एज्वल क्रियाकलापको संकेत दिएको थियो । बाल्यावस्थादेखि नै वहाँको स्वभाव-चत्रिर भिक्षुहरूको माझमा रमाउनु थियो । बालककालदेखि नै वहाँ आफै भिक्षुको चीवर लाएर भिक्षुजस्तै भएर पात्र धारण गरिकन पालिगाथा गुन्गुनाउँदै भिक्षाटन गर्ने र भिक्षाटनपछि धर्मदेशना सुनी खेल्न मन पराउनुहुन्थ्यो ।



पाँच कक्षासम्मको प्राथमिक शिक्षा पूरा गरी वहाँ कन्चनपुरीमा रहेको वाट् देवसंघाराममा १४ वर्षको उमेरमा श्रामणेरदीक्षा प्राप्त गरी प्रव्रजित हुनुभयो । वाट् देवसंघारामको अधिपति फ्रा. ख्रु अदुलसमणकिट् वहाँको आचार्य हुनुहुन्थ्यो । १ वर्ष श्रामणेर भई "गणधम्मयुक्त"अन्तर्गतको वाट् बोवरनिवेसमा जानुभई वहाँले बुद्धधर्म र पालि भाषाको अध्ययन १९४१ (बुद्ध संवत् १४८४) मा पूरा गर्नुभयो र थाईसंघद्वारा संचालित पालि भाषास्तरको शिक्षाको परीक्षा पूरा गरी ९ सम्मको पास गर्नुभयो र सन् १९३३ (बु.सं. २४७६) मा २० वर्षको उमेरमा कञ्चनपुरीको महानिकायअन्तर्गत देवसंघराममा उसम्पन्न भई पूर्ण भिक्षु हुनुभयो । त्यहाँ एक वर्षावास बिताई उहाँले तेह्रौं राजगुरू र वाट् बोवरनिवेसको चौथो विहाराधिपति सोमदेच् फ्रा संघराज छावोत्क्रोम लङ्‌ वजिर ञाणसंवरबाट धर्मयुक्त निकायअन्तर्गत वाट् बोवरनिवेसमा पुनः उपसम्पदादीक्षा प्राप्त गर्नुभयो ।

परमपूज्य राजगुरू आफ्ना विशिष्ट क्षमताको कारणले चाँडै राजगण पदमा पुग्नुभयो । वहाँ ३४ वर्षको हुँदा १९४७ (बु.सं.२४९०) मा सोभङ्गना फार्म पदबाट विभूषित हुनुभयो । ४२ वर्षको उमेरमा सन् १९५६ (बु.सं. २४९९) मा चौथौ पदमा पदार्पण गर्नुभई वर्तमान थाईराजा भूमिबल अदुल्यातेजको शुभ-राज्याभिषेक कार्यमा क्रियाशील हुनुभयो । वहाँ फ्रा. धम्मवराबोर्न थाई राजाको राजकीय उपसम्पदाको समयमा संरक्षक भिक्षु हुनुहुन्थ्यो । वहाँ ४८ वर्षको उमेरमा फ्रा. सासनसोभेनको पदमा नियुक्त हुनुभएको थियो । जुन सोम्देच् पदका सात जना उच्च सदस्यहरू मध्येको दर्जामा पर्न आउँछ । परमपूज्य राजगुरू ५९ वर्षको हुँदा अर्थात् १९७२ बु.सं. २५१५) मा वहाँलाई सोमदेच् फ्रा. ञाणसंवर शुभ नामाकरण गरियो, जुन नाम १५० वर्ष पहिलेका राजा राम द्वितीयको पालादेखि चल्दैआएको कुनै विशिष्ट भिक्षुलाई प्रदान गर्ने पद हो । सन् १९८९ मा सोमदेच् फ्रा. ञाणसंवर महाराजाधिराज र बडामहारानीको विशिष्ट राजगुरूको पदबाट विभूषित भई परमपूज्य राजगुरू सोमदेच् फ्रा. ञाणसंवर थाई संघराज सकलमहासंघपरिणायक हुनुभयो । सन् १९५६

यस अङ्क




आनन्द भूमि

पढौं पढाऔं, समयमैं वार्षिक ग्राहक बनौं

आनन्द कुटी विहार संस्था, पो.ब.नं. ३००७, काठमाडौं, फोनः ४२७१४२०
E-mail : anandakutivihar@gmail.com, anandakutivihar@ntc.net.np
gkondanya@gmail.com, kondanya@soon.com

गताङ्कमा





(बु.सं. २४९९) मा वर्तमान महाराजधिराज भूमिबल अदुल्यातेज पाक्षिक (२२ अक्टोबर १९५६ देखि ५ नोभेम्बर १९५६) उपसम्पदा प्राप्त भिक्षु भई त्यहीं वाट् बोवरनिवेसमा राजा हुनुभएको थियो । त्यसबेलाको राजगुरू क्रोम लुंग वजिर ज्ञाणवंश राजा उपसम्पदा हुँदा वहाँ राजगुरूलाई फ्रा. सोभनाङ्गनावोर्ण पद प्रदान गरिसकेपछि राज भिक्षुको सल्लाहकार तथा संरक्षक हुनुभएको थियो । यो विशिष्ट महत्वपूर्ण घटना परमपूज्य राजगुरूको जीवनकालको ठूलो स्मरणी घटना हो ।

सन् १९७८ मा जब थाइलैण्डका वर्तमान युवराजधिराज पाक्षिक अर्थात् १५ दिनको निमित्त वाट् बोवरनिवेसमा राजभई उपसम्पदा हुने निर्णय भयो, त्यसबेला पनि परमपूज्य राजगुरू युवराजधिराज भिक्षुलाई बुद्धधर्मको उपदेश अनुशासन गर्ने सल्लाहकार र अनुशासक हुनुभएको थियो ।

जब-जब उहाँ तल्लो पददेखि उच्च राजसम्पदाको पदमा पदन्नोति हुनुभयो तब-तब उहाँको दर्जा अनुसार विभागीय कार्यभार पनि क्रमशः थप हुँदैगयो । परमपूज्य राजगुरूका उल्लेखनीय कार्यहरूको व्याख्या गरेर साध्य छैन तापनि संक्षिप्तमा वर्णन गर्न आवश्यक देखिन्छ ।

भिक्षुसंघ सन् १९४१ मा बौद्ध भातृत्व संघअन्तर्गत छँदा गणसंघ राष्ट्रिय संगठनअन्तर्गत रहेका राष्ट्रिय परिषद्मा संलग्न हुनुभयो । परमपूज्य राजगुरू धम्मयुक्तनिकायको मुख्य विभागीय केन्द्राध्यक्ष हुनुभयो । सन् १९६२ मा परमपूज्य राजगुरू महाथेर संघको सदस्य हुनुभयो र त्यही दिनदेखि नै वहाँको प्रभावकारी क्रियाकलापको पुनः स्फूरण भयो । उहाँ बैंककमा धम्मयुक्त, निकायमा रहेर समणप्रकन नगरपालिकाको मुख्य प्रशासक अधिकारी हुनुभयो ।

गणसंघसम्बन्धी शिक्षा भएको कारणले उहाँ थाई संघको गणसंघ शिक्षा विभागको अध्यक्ष, विदेशमा धर्मप्रचार गर्ने धम्मदूत, भिक्षु तामिल केन्द्रको कार्यकारिणी समितिको अध्यक्ष र महामकूट बौद्ध विश्वविद्यालयको कार्यकारिणी विभागको पनि अध्यक्ष हुनुभएको थियो, जुन महाविद्यालय थाइलैण्डको धम्मयुक्त निकायको संरक्षकत्वमा संचालित पहिलो बौद्ध विश्वविद्यालय थियो ।

सन् १९६१ मा वाट् बोवरनिवेसको पाँचौ विहाराधिपति फ्रा. धम्मवराबोर्न नाउँमा विभूषित भई वाट् बोवरनिवेसको छैठौं विहाराधिपति हुने बित्तिकै एक सय वर्ष पुरानो र बज्रले मात्र बनेको उपोसथागार राम्ररी सिंहमर्मरले भित्ता र बाहिरको फलेक छापेर सजाई विहारको अरू भवनहरूको पनि पूर्ण मर्मत सम्भार गर्नुभएको थियो । नयाँ भवनहरूको निर्माणका साथै विहारको आँगनमा अनेक किसिमका हरियाली बोटविरूवा लगाई वाट् बोवरनिवेसलाई अफ बढी स्वच्छ, सफा, हराभरा पर्यावरणलेयुक्त शान्त गुणले सजाउनुभयो ।

विहारमा श्रामणेर तथा भिक्षुहरूलाई परमपूज्य राजगुरूले दिनप्रतिदिन बुद्धशिक्षा आर्जन गर्न उत्साह तथा सहयोग गर्नुहुन्थ्यो । परमपूज्य राजगुरू पालि र धर्म-अध्ययन गर्नेहरूका लागि उपदेशक शिक्षकको रूपमा छानिनुभयो । वहाँले प्रत्येक वर्ष उच्चशिक्षा हासिल गर्ने स्वदेशी तथा विदेशीहरूलाई छात्रवृत्ति प्रदान गर्दै आउनुभएको थियो ।

थाई जनताको आवश्यकता र चाहनाअनुसार वहाँको संरक्षकत्वमा वाट् बोवरनिवेसको बाहिर पनि नयाँ-नयाँ विद्यालयहरू स्थापना गरियो । छोनबुरिमा पतैयासँगै बाग्लुङ्ग जिल्लामा निर्मित वाट् ञाणसंवर एउटा उल्लेखनीय नमूना हो । यसका स्वरूप वा वास्तुकला विश्वप्रसिद्ध छ । यस विहारको महत्व र प्रसिद्धिलाई राजपरिवारले झन् समृद्धि गरिदिएको हुँदा राजकीय संरक्षकत्वमा रहेको यो विहार पहिलो श्रेणीमा रहेको छ । परमपूज्य राजगुरूलाई थाई जनताहरूबाट सार्वजनिक ठाउँहरूमा विद्यालय, महाविद्यालय र चिकित्सालयहरू स्थापना गर्न अनुरोध गर्न आउँथे । चौबिस तल्लाको चुलालङ्कर्न चिकित्सालय जनताको निम्ति वहाँको उदारताको एक प्रतीक मान्न सकिन्छ ।

वहाँ समथ र विपश्यना-ध्यान नित्य गर्नुहुन्थ्यो । वहाँ युवा छँदाखेरि शहरबाहिर निर्मित जङ्गलका ध्यान केन्द्रहरूमा जानुहुन्थ्यो । त्यहाँ २/३ महिनासम्म पनि ध्यान-अभ्यास गरेर बस्नुहुन्थ्यो । पछि धर्मको कार्यभार बढ्दैजाँदा ध्यान गर्नको लागि वहाँले शहरमा नै आफ्नो आवासभित्र जङ्गलजस्तो ध्यान गर्ने ठाउँ निर्माण गर्नुभयो । किनकि वहाँको विचार थियो- सबैले ध्यानको अभ्यास गर्नुपर्छ, मन एकाग्र गर्नुपर्छ र जङ्गलमा जस्तो कुटी आफ्नो मनमा स्थापना गर्नुपर्छ ।

परमपूज्य राजगुरू व्यवस्थापन निपुणता, शैक्षिक

योग्यता र विपश्यना-ध्यानजस्ता तीनवटा विशिष्ट गुणले परिपूर्ण हुनुहुन्थ्यो र यी तीन कुराहरूमा सन्तुलनात्मक क्षमता वहाँमा थियो । परमपूज्य राजगुरूले आफ्नो आचार्य गुरू दिवंगत सोमदेच् फ्रा. संघराज छाव ऋोम लङ्ग वजिरञाण संवरले अभ्यास गर्नुभएको ध्यान नै आफूले अनुशरण र प्रचार गर्नुहुन्थ्यो ।

परमपूज्य राजगुरूले ध्यान-अभ्यास र उच्चशिक्षाको ज्ञानको कारणले विभिन्न अवसरहमा आधुनिक संसारको स्थितिअनुसार सैद्धान्तिक र व्यावहारिक धर्मोपदेश गर्नुभएर बुद्धमार्गीहरूलाई आकर्षित गर्नुहुन्थ्यो । परमपूज्य राजगुरूले प्रत्येक पक्षमा उपोसथागारमा उपदेश गर्नुहुन्थ्यो र ध्यान-समाधि पनि सिकाउनुहुन्थ्यो । यसैकारणले वाट् बोवरनिवेस थाइलैण्डमा र मूख्य शहरी क्षेत्रमा ध्यानकेन्द्रको नामले प्रसिद्ध छ । यसरी नै धर्मदेशना, ध्यानको प्रशिक्षणबाहेक उहाँले बुद्धको शिक्षा र ध्यान-अभ्याससम्बन्धी धेरै पुस्तकहरू पनि लेख्नुभएको थियो ।

बुद्धधर्मको मूल सिद्धान्त (Principle of Buddhism), बुद्धको ४५ वर्ष (45 years of the Buddha), सोह्र प्रश्नहरू (16 Questions) जागरूक हुनुको निम्ति मार्ग दर्शन (A Guide to Awareness) आदि प्रशिद्धि पाएका ग्रन्थहरू वहाँको मुख्य कृतिहरू हुन् । वहाँ एक पटक विदेश गएर धर्मप्रचार गर्ने धर्मदूत भिक्षुहरूको प्रशिक्षण संस्थाको कार्यकारिणी समितिको अध्यक्ष हुनुहुँदा वहाँले एशिया, यूरोप, अमेरिका, अष्ट्रेलिया आदि महादेशहरूको भ्रमण गर्नुभएको थियो ।

अखिल नेपाल भिक्षु महासंघको आयोजनामा सम्पन्न ७३ जवान शाक्यपुत्रहरूको दुर्लभ प्रवज्या समारोहका लागि अ.ने.भि. महासंघको निमन्त्रणामा वि.सं. २०४२ मंसिर ८ गतेका दिन थाइलैण्डका परमपूज्य संघराज सोमदेच् फ्रा. ञाणसंवर महास्थविर थाई उपासकोपासिका समूहसहित काठमाडौं आइपुग्नुभएको थियो ।

**आनन्दकुटीमा अभिनन्दन समारोहः**

परमपूज्य सोमदेच् महास्थविरको सम्मानमा नेपालका राजगुरू जुनानाथ पण्डितको सभापतित्वमा १४ मंसिर २०४२ का दिन आनन्दकुटी विहार गुठीद्वारा आनन्दकुटी विहारमा अभिनन्दन-पत्र समर्पण र विदाइ समारोहको आयोजना गरिदा सो समारोहमा प्रमुख अतिथि परमपूज्य ञाणसंवर महास्थविरमा बडागुरूज्यू जुनानाथ पण्डितद्वारा अभिनन्दन-पत्र एवं आ.कु.वि. गुठीको तर्फबाट उपहार समर्पण, त्यस्तै अ.ने.भि. महासंघका धर्मानुशासक पूज्य संघमहानायक प्रज्ञानन्द महास्थवि, आनन्दकुटी दायक सभा तथा हिन्दूधर्म सेवा समन्वय समितिका अध्यक्ष खेमराज केशवशरणद्वारा धार्मिक उपहार पनि चढाइएको थियो ।

प्रमुख अतिथिको आसनबाट बोल्नुहुँदै ञाणसंवर महास्थविरले भन्नुभयो- भगवान् बुद्धको शान्ति सन्देशसित मिल्ने नेपाल नरेश श्री ५ वीरेन्द्र वीर विक्रम शाहदेवले नेपाललाई शान्ति क्षेत्र घोषित गरियोस् भनी राखिबक्सेको प्रस्ताव स्वयं नेपाली जनताका लागि गौरवको विषय हो । वहाँले आफ्नो नेपाल भ्रमण नेपालका महाराजाधिराजको निगाहविना सफल हुनसक्ने थिएन भन्नुहुँदै नेपाल र थाइलैण्डका महाराजाहरू स्वयं आ-आफ्ना देशका धार्मिक समन्वयको स्वतन्त्रता र धर्महरूका महान संरक्षक होइबक्सेको कुरा उल्लेख गर्नुभयो । अन्तमाः वहाँले पूण्यभूमि नेपालको भ्रमणले दुबै देशका महाराजा तथा जनतालाई मंगलमय शुभकामना व्यक्त गर्नुभयो ।

आनन्दकुटीमा आयोजित सभामा परमपूज्य सोम्देच भन्तेले भन्नुभयो- "आचार्य अृमतानन्द महास्थविरलाई आशीर्वाद दिनयोग्य छ किनकि म पहिलोचोटी नेपाल आउँदा के सहयोग गर्नुपर्छ भनी सोद्धा थाइलैण्डमा नेपाली भिक्षुहरूलाई अध्ययनको सुविधा हुनुपर्ने कुरा भन्नुभएको थियो, जुन बुद्धशासनको लागि आधारभूत आवश्यकता हो ।" फेरि उहाँले भन्नुभयो- "नेपाल र थाई दुबै देशमा बौद्धहरू छन्, दुबै देशमा धार्मिक स्वतन्त्रता छ, दुबै देशका राजा उदार एवं धर्मात्मा होइबक्सिन्छ र जनताका प्रिय होइबक्सिन्छ । अतः दुबै देशको प्रकृति समान छ । यहाँका महाराजाधिराजले नेपाललाई शान्ति क्षेत्र घोषणा गरिबक्सेको कदमलाई सराहना गर्दछु र यो कुरा सबै मैले थाहा पाएँ कि यस प्रस्तावलाई ६८ देशले स्वीकार पनि गरिसकेको छ । यहाँ बुद्ध-जन्मभूमि लुम्बिनी, कपिलवस्तु र शाक्यपुत्रहरू मौजुदा रहेको हुनाले मलाई ज्यादै हर्ष लागेको छ । नेपाल सानो भएपनि अरूदेशभन्दा तल परेको देखिनं । थाइलैण्ड र नेपाल दुबै देश कहिल्यै उपनिवेशमा रहनुपरेन । नेपाललाई सहयोग गर्ने कोशिसमा छु, सहयोगको साथै त्यत्तिकै उन्नति भएमा सुनमाथि सुगन्ध छाउने छ ।"

सभापतिको आसनबाट बोल्नुहुँदै नेपालका राजगुरु प्रा. जुनानाथ पण्डितले स्वतन्त्र मुलुक नेपाल र थाइलैण्ड दुबै देशको आ-आफ्नो धार्मिक र साँस्कृतिक इतिहास वैशिष्ट्य रहेको कुरा बताउनुभयो । परापूर्वकालदेखि नै नेपालमा बुद्धधर्म र शैवधर्मका जनताले परस्पर आफ्नो सुमधुर सहस्थिति एवं सद्भावना प्रदर्शित गरेर विश्वकै धार्मिक इतिहासमा एक अद्वितीय उदाहरण प्रस्तुत गरेको कुरा पनि बडागुरूज्यूले उल्लेख गर्नुभयो ।

**नेपाली बौद्ध संस्थाहरुलाई चन्दा प्रदान :**

२०४२ को नेपाल भ्रमणमा पाल्नुभएका परमपूज्य थाई राजगुरू र साथमा आएका पार्टीबाट निम्न उल्लेखित संघसंस्थाहरूलाई चन्दा-अनुदान प्राप्त भएको थियो ।

| | | |
|---|---|---|
| नगरमण्डप श्रीकीर्ति विहारलाई | रू. | २,०२,९२०।- |
| अन्तर्राष्ट्रिय बौद्ध भावना केन्द्रलाई | रू. | २,०२,९२०।- |
| आनन्दकुटी विहार गुठीलाई | रू. | १,२९,०००।- |
| अखिल नेपाल भिक्षु महासंघलाई | रू. | ३०,०००।- |
| सुगन्ध विहार बौद्ध पुस्तकालयको लागि | रू. | २०,४००।- |
| शाक्यसिंह विहारलाई | रू. | २०,४००।- |
| नेपाल बौद्ध परियत्ति शिक्षालाई | रू. | २०,०००।- |
| ध्यानकुटी भिक्षु तालिम केन्द्रलाई | रू. | १०,२००।- |
| जम्मा | रू. | ६,३५,८४०।- |

र लुम्बिनी विकास समिति र कुष्ठरोग निवारणलाई १०,०००।- अमेरिकी डलर चन्दा अनुदान प्राप्त भएको थियो ।

**७३ जना नेपाली कुलपुत्र प्रव्रजित**

परमपूज्य राजगुरू सोमदेच्ले वि.सं. २०४२ मा कीर्तिपुरस्थित नगरमण्डप श्रीकीर्ति विहारको चार बौद्ध संवेजनीय स्थानको बुद्धाभिषेक गर्नुभई ७३ शाक्य कुलपुत्रहरूलाई प्रव्रज्या गर्नुभयो । ती आफ्ना शिष्यहरूसँगै वहाँ कीर्तिपुरमा भिक्षाटन जानुभएको थियो । यसै क्रममा लुम्बिनी गुरूयोजनाअन्तर्गत कल्चर सेन्टरको परमपूज्य भन्तेको करकलमबाट शिलान्यास भयो । त्यतिबेला उहाँले वृक्षारोपण पनि गर्नुभएको थियो । लुम्बिनीबाट वहाँ कपिलवस्तु र निग्लिहवा पनि जानुभएको थियो ।



परमपूज्य राजगुरू सोमदेच् महास्थविर भन्ते नगरमण्डप श्रीकीर्ति विहारको संवेजनीय उपोसथागारको निर्माण समितिको संघमहानायक पूज्यपाद प्रज्ञानन्द महारथविरसँगै सहअध्यक्ष हुनुहुन्थ्यो । परमपूज्य संघराजको कोमल करूणा तथा बुद्धशासनिक देनको रूपमा थाई श्रद्धालुहरूको सहयोग



२०४२ मंसिर १४ गते सोमदेच् फ्रा ञाणसंवरद्वारा तत्कालीन राजा वीरेन्द्रसित भेट गर्नुहुँदा

र नेपाली श्रद्धालुहरूको श्रमबाट नगरमण्डप श्रीकीर्ति विहारस्थित थाइकीर्ति भवन निर्माण सम्पन्न भएको थियो- जुन भवनको समुद्घाटन १९ औं संघराज परमपूज्य राजगुरू सोमदेच् फ्रा ञाणसंवर सकल महासंघपरिणायकको करकमलबाट वि.सं. २०५२ मंसिर २ गते सम्पन्न भएको थियो । त्यसको भोलिपल्ट ३ गते परमपूज्य संघराजबाट लुम्बिनी विकास गुरूयोजनाअन्तर्गत अन्तर्राष्ट्रिय विहार क्षेत्रको थेरवाद विहार क्षेत्रमा "वाट् थाइ लुम्बिनी" को शिलान्यास गर्नुभएको थियो ।

**२०५२ मा संघराजको चौथो नेपाल भ्रमण :**

परमपूज्य राजगुरू सोमदेच् फ्रा. ञाणसंवर सकलमहासंघ परिणायक महास्थविर मंसिर २ गते काठमाडौं पाल्नुभई श्रीकीर्ति विहारमा निर्मित "थाइकीर्ति आगन्तुक भवन" को समुद्घाटन गर्नुभयो । सोही दिन नेपाली भिक्षु, श्रामणेर तथा अनागारिकाहरूलाई ओवाद-उपदेश गर्नुभयो । ३ गते लुम्बिनी जानुभई लुम्बिनी गुरूयोजनाअन्तर्गत Monastic Zone मा WAT THAI LUMBINI को शिलान्यास गर्नुभयो । यसरी नै उहाँले २०४२ को भ्रमणमा जस्तै श्री ५ महाराजधिराज वीरेन्द्र वीर विक्रम शाहदेवसँग भेट गर्नुभई मंसिर ४ गते वहाँ थाइलैण्ड फर्किनुहुने कार्यक्रम तय गरिएको थियो ।

**थाइ संघराजको देहावसान**

थाइलैण्डका १९ औं संघराज परमपूज्य राजगुरू सोमदेच् फ्रा ञाणसंवर सकल महासंघपरिणायकबाट नेपालीहरूलाई थाईलैण्डमा बुद्धधर्म र बौद्ध-दर्शनादि शिक्षा पाउने सु-अवसरको थालनी भई आजसम्म अनवरत रूपमा क्रियाशील छ । केही समयअगाडिदेखि नै अस्वस्थ हुनुभएका परमपूज्य थाइलैण्डका राजगुरू सोमदेच् फ्रा ञाणसंवर सकलसंघमहापरिणायक महास्थविर १०० वर्षको उमेरमा २०७० कार्तिक ७ गते देहावसान हुनुभयो ।

(श्रोत-साभार : सं. कोण्डन्य संघाराम, अखिल नेपाल भिक्षु महासंघको बुलेटिन, वर्ष २ अंक ७, वि.सं. २०५२)



# बुद्ध, नेहरू र हरिवंशराय बच्चन

✍ हरिश्चन्द्रलाल सिंह

"युगौंयुग बितिसके तर त्यसो भए तापनि बुद्ध हामीबाट धेरै टाढा छैन जस्तो लाग्दछ । बुद्धको स्वर हाम्रो कानमा गुंजिरहन्छ । बुद्धले हाम्रो कानमा कानेखुसी गर्दछ र संघर्षदेखि डराएर नभाग भन्नुहुन्छ तर शान्त भई संघर्षसँग सामना गर्न र आफ्नो उन्नति र विकासको लागि सदैव महान् अवसरहरू प्राप्त गर्न प्रयत्नरत हुनुपर्छ भन्नुहुन्छ ।"

यो भनाई स्वतन्त्र भारतका पहिलो प्रधानमन्त्री, योग्य नेता, प्रतिभाशाली लेखक श्री जवाहरलाल नेहरूको हो । बुद्धको आकर्षक व्यक्तित्व र गतिशील उपदेश, सन्देशबाट प्रभावित हुने असंख्य महान् व्यक्तिहरू मध्ये नेहरू पनि एकजना हो । बाह्र वर्षको उमेरमै बुद्धधर्मको महान ग्रन्थ **धम्मपद** पढ्नुहुने नेहरूलाई भगवान् बुद्धको एक महान् प्रशंसक मान्नैपर्छ ।

म आफूपनि बुद्ध र बुद्धधर्मप्रति आकर्षित भएको हुँदा ढिलै भएपनि यस विषयमा अध्ययनमा लागेको हुँ । पत्रकारिताबाट आफ्नो जीवनवृत्त शुरू गरेको हुनाले होला मैले बुद्धको व्यक्तित्व र बुद्धधर्मबाट प्रभावित विद्वान व्यक्तिहरू बारे धेरै अध्ययन गरेको छु । यी विद्वानहरू मध्ये नेहरू पनि मलाई मनपर्ने एउटा विद्वान हो ।

उहाँको **आत्मवृत्तान्त** (Autobiography), **द दिस्कभरी आफ इन्डिया** (The Discovery of India), **ग्लिम्पसेज अफ वर्ल्ड हिस्टरी** (Glimpses of World History) पुस्तकहरूमा दिइएको बौद्ध इतिहास, संस्कृति र यसको उत्थान र पतनको यथेष्ट जानकारी दिइएकोले बुद्धको व्यक्तित्व र उहाँको सन्देश, उपदेशबाट नेहरू धेरै प्रभावित भएको बुझिन्छ । बुद्ध : नेहरूको प्रेरणा श्रोत थियो । प्रधानमन्त्री भई काम गर्दा थकाइ लागी बिरामी पर्नुभयो । डाक्टरले केहि समय आराम गर्न सल्लाह दिए । छुट्टि लिई एक महिनासम्म आराम गर्न विदेश जानुभयो बौद्ध देश श्रीलंकामा । श्रीलंकामा बस्दाखेरीको आफ्नो अनुभव उहाँले आफ्नो आत्मवृत्तान्तमा यसरी लेख्नुभयो :-

"अनुराधपुरमा ध्यानमुद्रामा बस्नुभएको बुद्धको पुरानो मूर्ति मलाई धेरै मनपऱ्यो । एक वर्षपछि म देहरादुन जेलमा बसेको बेला श्रीलंकाको एकजना मित्रले यही मूर्तिको तस्वीर मलाई पठाईदियो । मैले उक्त तस्वीर मेरो कोठाको टेबुलमाथि राखें । मेरो लागि यो मूर्ति प्रिय साथी बन्यो । उक्त मूर्तिको प्रबल शान्त चेहराले मेरो कयौं उदासमय दिनहरूलाई शान्त पार्न मद्दत गरे ।"



अल्बर्ट आइन्सटाइनसँग मजाक गर्दै नेहरु



पूज्य गुरु दलाई लामासँग नेहरु

बुद्ध र अशोक महाराजको प्रभावमा परी नेहरूले आफ्नो एक्ली छोरी इन्दिरा गान्धीको नाममा अशोकको उपाधि प्रियदर्शीनी राख्नुभएको थियो । यो कुरा नेहरूको बहिनी विजयलक्ष्मी पण्डितको पुस्तक **द स्कोप अफ हयापिनेश** (The Scope of Happiness) बाट थाहा पाउन सहिन्छ । बुद्धको जीवनी, उपदेश, सन्देशबाट नेहरू अति प्रभावित भएको कुरा उहाँको विचार र प्रधानमन्त्रीको हैसियतले सन् १९५६ मा मनाएको २५०० सौं बुद्धजयन्ती कार्यक्रममा उहाँको सकृय सहभागिताले पनि जनाएको थियो । उहाँको धर्मान्धता, कर्मकाण्ड, परम्परागत विश्वासप्रति विद्रोह पनि बुद्धको व्यक्तित्वको परिणाम हो ।

बहिनी भएपनि साथीजस्तो व्यवहार नेहरूले विजयालक्ष्मीलाई गर्ने गर्दथे । विजयालक्ष्मीले स्मरण गरेकि नेहरू बुद्धजयन्तीको शुभदिनमा आफ्नो देह त्याग्न चाहन्थे । भयो पनि त्यस्तै- नेहरूको आफ्नो इच्छानुसार बुद्धजयन्तीकै शुभ-पावन दिनमा उनको देहान्त भयो ।

बुद्ध र बुद्धधर्मप्रति झुकाव बारेमा मात्र मेरो लेखहरू सीमित छैन । मैले यस्तै लेखहरू विश्वविख्यात कवि, कथाकार, नाटककार, चित्रकार आदि पदवीले विभूषित रविन्द्रनाथ टेगोर,

महान् विचारक र नववेदान्तका प्रणेता स्वामी विवेकानन्द, प्रसिद्ध लेखक, विद्वान र नेता आचार्य नरेन्द्रदेव आदिबारे पनि लेखेको थिएँ र पुस्तकमा पनि प्रकाशित गरेको थिएँ ।

तर मैले लेखेको ठीक छ कि छैन भन्ने कुरामा संकोच लागिरहेको छ । कारण मेरो लेखबारे प्रतिक्रिया मैले पढ्न र सुन्न पाएको छैन । यसै सन्दर्भमा मैले नेपाल-भारत पुस्तकालयमा हरिवंशराय बच्चनको आत्मकथाको भाग-४ संयोगले देखें र उहाँले बुद्ध र बुद्धधर्मसम्बन्धी के लेख्नुभएको रहेछ जान्न सर्सर्ती पाना पल्टाउँदा त ढुङ्गा खोज्दा देउता भेट्टाएको जस्तै अनुभव भयो । म साँच्चिकै हर्षले गद्‌गद् भएँ । उहाँको पुस्तकमा नेहरूको बुद्ध र बुद्धधर्मको ज्ञानबारे जे जति उक्त पुस्तकमा पढें त्यसले ढाडस दियो कि मैले नेहरूबारे जे जति लेखें ठीकै लेखें ।




वास्तवमा हरिवंशरायसँग बुद्ध र बुद्धधर्मको ज्ञान धेरै रहेछ । उहाँ नेपालमा तीन चार पटक आउनुभएको थियो । आफ्नो आत्मकथाको भाग-४ '**दशद्वार**' से '**सोपान**' तक मा आफ्नो नेपाल भ्रमण र नेपालको बौद्ध स्थलहरू स्वयम्भू, बौद्ध आदि हेर्नुभएको बारेमा लेख्नुभएको थियो । उहाँको नाम धेरै नाम कमाएको फिल्मी नायक आफ्नो छोरा अमिताभ बच्चनसँग जोडिने गर्दथ्यो । उहाँ आफै फिल्म शुटिङ्को सिलसिलामा अमिताभसँग त दुईचार पटक नेपाल आउनुभएको थियो । हरिवंशराय बच्चन र छोरा अमिताभको सम्बन्ध राजा महेन्द्र र रानी रत्नराज्यसँग थियो । राजा-रानीको भोजमा उहाँहरूलाई निमन्त्रणा दिइन्थ्यो र हरिवंशराय बच्चनको कविता वाचन पनि हुन्थ्यो ।

बुद्धधर्मप्रति झुकाउ भएकोले नै होला उहाँले दार्जिलिङ् जाँदा दिवंगत महापण्डित बौद्ध विद्वान राहुल सांकृत्यायनको पत्नी कमला सांकृत्यायनसँग भेट भएको कुरा आफ्नो आत्मकथामा लेख्नुभएको थियो । राहुलजीको घर गई उहाँको पुस्तक, उहाँले प्रयोग गरेको अध्ययन सामग्रीहरू हेर्नुभयो । उहाँले लेख्नुभएको छ :-

"राहुलजी ने बहुत लिखा, बहुत उपयोगी लिखा, महत्त्वपूर्ण लिखा, प्रामाणिक लेखा । हम हिन्दीवाले अपने पूर्वज, अग्रज विद्वान-मनीषियों, प्रतिभावानों को भुलाने में बडे पटु हैं... राहुल साहित्य निःसन्देह रक्षणीय है और आनेवाली पीढियाँ उसने निश्चित प्रेरित, लाभान्वित होंगी ।"

मैले यहाँ हरिवंशराय बच्चनजीले आफ्नो आत्कथामा नेहरूको बुद्धधर्म र बौद्ध-दर्शनप्रति झुकावबारे लेख्नुभएको केही अंश भावानुवाद प्रस्तुत गर्दछु । जो यस प्रकार छ :-

"सन् १९५६ को वैशाख पूर्णिमामा भगवान् बुद्धको महापरिनिर्वाण भएको २५०० सौं पवित्र दिन परेको रहेछ । उक्तदिन पण्डित जवाहरलाल नेहरू जो त्यसबखत भारतको प्रधानमन्त्री पनि हुनुहुन्थ्यो, उहाँको प्रेरणाले उक्त पवित्र दिन राजकीय स्तरमा मनाइयो । पण्डितजी बुद्ध र बुद्धधर्मको अनुयायी सम्राट अशोकको व्यक्तित्वबाट धेरै प्रभावित भएको थियो । उहाँ लडका भएकै बेला आफ्नो थियोसोफिस्ट अध्यापक एफ. टी. ब्रुक्सबाट बुद्धधर्मको अति विशीष्ट ग्रन्थ **धम्मपद**बारे परिचित भइसक्नुभएको थियो । विद्यार्थी जीवनकालदेखि नै अंग्रेज विद्वान एडविन आर्नोल्डको बुद्धबारे लेखिएको पुस्तक '**लाइट अफ एशिया**' उहाँको मनपर्ने पुस्तक थियो । विश्व इतिहासको शौकिन अध्ययनले गर्दा उहाँ सम्राट अशोकको ठूलो प्रशंसक भइसक्नुभएको थियो । प्रव्रज्या लिई भिक्षु बनिसकेपछि अशोक **पियदस्सी** (प्रियदर्शी) नामले प्रख्यात

**अनिच्चावत संखारा**
**विश्व विपश्यनाचार्य गुरु कल्याणमित्र सत्यनारायण गोयन्कालाई सुगतिसहित निर्वाण प्राप्त होस्**

VISHWA MOTOR TRADERS
Putalisadak, Kathmandu Tel.: 4225625 / 4244173

**बिश्व मोटर ट्रेडर्स**
**ख-२, ४०८, पुतलिसडक, काठमाडौं, नेपाल ।**
**फोन नं.: ०१-२२९२२३०, ९७२१४०२९०५/३२०५४४**
E-mail: vmtautoparts@wlink.com.np
**टोयोटा, मित्सुबिसि, निशान, इसुजु, सुजुकि इत्यादि गाडिका पार्टस्हरुको लागि सम्पर्क गर्नुहोस् ।**

थियो । उहाँको छोरी इन्दिरा जन्मेपछि उनको नाम इन्दिरा प्रियदर्शीनी राखेको थियो । इन्दिराले आफ्नो नाममा प्रियदर्शीनी किन जोडेन, त्यो कुरा थाहा भएन । सन् १९४७ मा भारत स्वतन्त्र भएपछि नेहरूकै सुझावबाट बौद्ध प्रतीक चिन्ह राष्ट्रिय झण्डा आदि सरकारी मोहरको रूपमा प्रयोग गरियो । अशोक चक्रको प्रयोग पनि एउटा उदाहरण हो । राष्ट्रपति भवनको दरबार हलमा राष्ट्रपति बस्ने ठाउँको ठिक पछाडि बुद्ध उभिएको प्रतिमा राख्ने कसको कल्पना होला त्यो मलाई थाहा छैन । पण्डितजीको आफ्नै कल्पना थियो भने आश्चर्यको कुरा होइन । धार्मिक पञ्चशीललाई पण्डितजीले राजनैतिक पञ्चशीलमा रूपान्तरण गर्नुभयो । देश-विदेशको अनेक भ्रमणमा जाँदा उहाँले बौद्ध तीर्थस्थलहरू, मठ-मन्दिरहरू, चैत्यहरू, गुफाहरू, स्तुपहरू, स्मारकहरू, संघारामहरू हेर्न कहिल्यै पनि चुक्नुभएन । मैले यदमजा नायडूकहाँ पण्डितको एउटा तस्वीर देखेको छु, जुन तस्वीरमा बौद्धमठमा भिक्षुहरूले उहाँलाई चीवर उपहार स्वरूप प्रदान गरिएको थियो र उहाँले हाँसी हाँसी लिनुभएको थियो । त्यहिबेला भिक्षुहरूसँग उहाँको तस्वीर पनि खिचिएको थियो । त्यो तस्वीर हेर्दा भिक्षुहरू माझ उनीजस्तो नम्र र भद्र अरू थिएन । यस्तै मैले पण्डितजीको अर्को तस्वीर देखेको थिएँ । त्यो तस्वीरमा पण्डितजी एउटा बौद्ध स्मारकको भग्नावशेषको ढोकामा ध्यानमग्न आसनमा बस्नुभएको थियो । आफ्नै देशमा आदि शंकराचार्यलाई प्रच्छन्न बौद्ध (गुप्त बौद्ध) भनिन्थ्यो । मैले जति पनि पण्डित नेहरूको बारेमा देखें, सुनें र पढें त्यसको आधारमा मलाई लाग्दछ पण्डितजी आफै 'प्रच्छन्न बौद्ध' हुनुहुन्छ ।

जब बुद्धको प्रधान शिष्यहरू सारिपुत्र र महामौद्गल्यायनको अस्तुधातु (लण्डनबाट) भारतमा ल्याइयो, ती अस्तुधातुलाई राजकीय स्वागत प्रदान गरियो । २५०० औं बुद्धजयन्ती मनाउनको लागि पण्डितजीमा अद्भुत उल्लास थियो । यसको केही समयअघि नै अशोक होटल बनाउने काम शुरू भएको थियो । राजधानीमा नै बुद्धजयन्ती पार्क बनाइयो । उक्त पार्कको बीचमा श्रीलंकाबाट ल्याई बोधिवृक्षको एउटा रूख रोप्न लगाइयो । भारत धर्मनिरपेक्ष राज्य भएकोले कुनै प्रकारको धार्मिक रूढिसँग आवद्ध नभई उक्त जयन्ती मनाइयो । यो कुराले पण्डितज्यूको महानता दर्शाउँछ ।"

हरिवंशरायको अति मनपर्ने बौद्ध ग्रन्थमध्ये राहुल सांकृत्यायनद्वारा रचित **बुद्धचर्या** विषयमा आचार्य नरेन्द्रदेवले भनेको थियो- "यो पुस्तक त्रिपिटकको सार भनेमा अत्युक्ति हुँदैन होला_बुद्धधर्मको सबभन्दा प्रामाणिक आधार त्रिपिटक नै हो ।" त्रिपिटक मेरो पुस्तकालयको अमूल्य सम्पत्ति हो । कहीलेकाहीं म सोच्छु कि यदि मेरो पुस्तकालयमा आगलागी भयो र मलाई दसवटा पुस्तक लिएर भाग्नुपरेमा ती दस पुस्तक मध्ये पहिलो पुस्तक हुनेछ -**बुद्धचर्या** । बाँकी नौ वटा पुस्तक कुनकुन होला भन्ने जान्न तपाई चाहनु हुन्छ होला । ती हुन् -भागवद्गीता, गीतगोविन्द, कालिदास ग्रन्थावली, रामचरितमानस, बाइबल (न्यू टेस्टामेंट), कमप्लीट शेक्सपियर, पोएटिकल वर्कस अफ ईट्स, दीवाने गालिव, रोबाइयात अफ उमरखैयाम.......

**'बुद्ध और नाचघर'** बारे मैले एउटा कविता केम्ब्रिजमा बस्दा लेखेको थिएँ । मैले **'आधुनिक हिन्दी कविता मे बुद्ध'** नामक लेख लेखें । अरू दुई-तीन कविता पनि बुद्ध सम्झेर लेखेको थिएँ ।"


नेपाल संवत ११३४ नयाँ वर्षको उपलक्ष्यमा
सम्पर्ण नेपाली दाजुभाईहरुलाई हार्दिक शुभकामना ।
देशमा शान्ति छाओस्, नेपाली जनतालाई संमृद्धि प्राप्त होस् ।

**राजधानी बचत तथा ऋण सहकारी संस्था लि.**
बागबजार, काठमाडौं ३१, फोन : ०१-४२१९२५२

सम्झनुहोस्
सुरक्षित बचत, उच्च प्रतिफल एवं सरल कर्जाको लागि



# बुद्ध र बुद्धोपदेश बारे केही त्रुटीपूर्ण धारणाहरू

✍ चित्ररत्न शाक्य

नेपाललगायत विश्वभरमै अहिले बुद्ध र बुद्धको उपदेश सम्बन्धमा चर्चा बढ्दो छ । बुद्धको जन्मस्थललाई लिएर बेला बेलामा भारतीयले उठाउने गरेको आवाजले आज समस्त नेपालीको ध्यान खिचिराखेको छ । विभिन्न देशमा विभिन्न पुस्तकमा बुद्ध भारतमा जन्मेको भनी लेखेको बारे नेपालीहरूले प्रतिक्रिया दिइरहेका छन् । रत्न ढुंगानाले “**बुद्ध वाज वर्न ईन नेपाल**” शीर्षकको फिल्मको लागि सिंहदरवारअगाडि प्रधानमन्त्रीलाई “**बुद्ध नेपालमा जन्मेको हो**” भन्ने ज्ञापन-पत्र बुझाएको दृष्य शुटिङ्ग ५ घण्टासम्म जारी रहँदा नेताहरूलाई आवतजावत गर्न असुविधा भएको भन्दै पर्न आएको व्यवधानको बावजूद पनि शुटिङ्ग जारी राख्न प्रहरी र प्रशासनले सहयोग गरेकोबाट नेपालीहरूमा राष्ट्रीयताको मजबूत धारणा विकसित भएको सुखद् अनुभव पनि गर्न पाइराखेका छौं । रवि लामिछानेले “**बुद्ध नेपालमा जन्मेको हो ।**” भन्ने सन्देशका साथ १० लाख हस्ताक्षरको अभियान र ६० घण्टा लामो अन्तरवार्ता कार्यक्रम चलाएर “गिनिज बुक अफ वर्ल्ड रेकर्ड” मा नाउँ लेखाउन सफल भएको सुखद् क्षण अर्को उदाहरण हो । हालै नेपाल वान च्यानलमा डा. विकासानन्दका चेला डा. चेतनाथ अधिकारीले “खुल्ला ईजलास” कार्यक्रममा बुद्धका बारे बोलेका शब्दहरू र प्रश्नकर्ताले “**बुद्धका उपदेशहरू जति सुन्यो, पढ्यो उति सुनुँ र पढुँजस्तो लाग्ने खालको छ**” भनी व्यक्त गरेका अभिव्यक्तिहरूले बुद्धप्रति दिनप्रतिदिन मानिसहरूको ध्यानाकर्षण बढ्दैगएको स्पष्ट हुन्छ । जुनसुकै सम्प्रदायका सन्तहरूले पनि बुद्धप्रति आदर गर्दै उनका उपदेशको प्रसङ्गलाई आफ्नो प्रवचनमा स्थान दिइराखेका छन् । यदाकदा पाँचतारे होटलहरूमा पनि मनभित्रको बुद्धत्व जगाउने भन्दै ध्यान शिविरको आयोजना हुने गरेको, महङ्गो शुल्क तिरेर पनि त्यसमा जिज्ञासुहरू सरिक भइरहेको समाचार पनि छ । यी सबै कामहरू बुद्धको उपदेशको सार्थकता, उपादेयता र सनातनिक प्रभावको कारणले नै हो । काँक्रे विहारमा बुद्धको मूर्ति राख्न नदिएको जस्ता दुःखद् घटनाहरू पनि छन् । त्यसमा सम्बन्धित निकायले यथासिघ्र आवश्यक निर्णय लिई नेपालका राष्ट्रिय विभूति गौतम बुद्धको सम्मान हुने गरी जनआवाजलाई ध्यानमा राखेर उक्त विहारमा बुद्धको मूर्ति राख्न दिने काम हुनेछ भन्ने आशा गरौं । यस्तो बुद्धमय वातावरणमा बुद्ध र बुद्धको उपदेशबारे यथार्थ विवेचना, अभिव्यक्ति र सन्देश दिनु वक्ता, प्रवक्ता, लेखक, प्रवचनकर्ताहरूको कर्तब्य हो । जति समय बित्दै गयो उति यसको प्रभावकारिता बढ्दैजाने बुद्धको उपदेशको गरीमालाई कुनै शब्दले अन्जानमै पनि किन नहोस् घटाउने खालको हुन जानु ज्यादै दुःखद् र दुर्भाग्यपूर्ण हुनजान्छ ।

**- “गौतम, “बुद्ध” हो भने “भगवान्” होइन, भगवान् हो भने बुद्ध होइन ।” यो अभिब्यक्ति भिन्दाभिन्दै कुरा नबुझेकाले भनेका हुन् । बुद्धलाई बुझ्यो तर “भगवान्” को अर्थ बुझेन ।**

**- “मजबुरीको नाम महात्मा गान्धी” भनेर उपहास गर्नु अज्ञानताको परिणाम भएझैं बुद्धलाई भगवान् नमान्नु पनि बुद्धको “भगवा” गुणलाई नबुझी भगवान् शब्दको गलत अर्थलाई बोक्नु हो । जतिसुकै प्रगतिशील विचारका मानिस भएपनि बुद्धलाई भगवान् मान्न हिच्किचाउनु पर्दैन ।**

बेलाबखत प्रवचन दिनेहरू तथा लेखकहरूले बुद्धको उपदेशलाई “दर्शन” भन्ने गरेको पाइन्छ । दर्शनमा विचार, तर्क, मान्यता, त्यसले इङ्गित गरेको प्रामाणिकता आदिको आधारमा सत्यलाई स्थापित गरिन्छ । दर्शन याने Philosophy को अर्थ Dictionary हरूमा हेर्दा यस्तो पाइन्छ :-

Philosophy – Study of nature and reality, knowledge, ethics and existence by means of rational inquiry.

Phillip's Foundation, Encyclopedia.

अर्कोमा Philosophy– The use of reason and argument in seeking truth and knowledge of reality

esp. of the causes and nature of things of the principles governing existence. Set of beliefs reached by this.
Oxford Dictionary – Oxford University Press-Oxford, New York.

माथि उल्लेख गरिएको दर्शन (philosophy) को अर्थ अनुसार दर्शन भनेको विचार, तर्क र मान्यताको आधार (rational inquiry) मा स्थापित तथ्य हो । यो उक्त आधारहरूबाट स्थापित विश्वास (belief) हो । तर बुद्धको उपदेश साक्षात्कारद्वारा उद्घोषित वा उद्घाटित सत्य तथ्य हो । विचार, तर्क र विश्वासमा स्थापित तथ्य र साक्षात्कारद्वारा स्थापित तथ्यमा धेरै अन्तर छ । दर्शनमा हो वा होईन भन्ने दुबिधा शंका उत्पन्न हुने ठाउँ धेरै हुन्छ । किनभने त्यो साक्षात्कारबाट अनुभूत होइन । विचार तर्कमा यसरी पनि तथ्य स्थापित हुन्छ ।

एउटा उदाहरण :- कालिदासको समयको कुरा हो । भोजराजा विद्वानहरूको खूबै कदर गर्दथे । उनका दरबारमा कालिदासलगायत विविध विषयका प्रकाण्ड विद्वान ९ जनालाई नवरत्न भनेर आदरपूर्वक राखिएका थिए । भोजराजा कहाँ जसले उनको जिज्ञाशा मेटायो, उसलाई पुरस्कार दिइन्थ्यो । धेरै गरीबहरू भोजराजाबाट पुरस्कार दिलाइदिन कालिदाससँग आग्रह गर्दथे । कालिदास तिनीहरूलाई राजाको प्रश्नमा तिमीलाई जे आउँछ, त्यही भनिदिनु बाँकी म गर्छु भन्दथे र पुरस्कार पनि दिलाइदिन्थे । एकदिन एउटा मूर्ख कालिदासको त्यस्तै सल्लाहमा दरवारको भारी सभामा पुग्यो । उसलाई भोजराजाले प्रश्न गऱ्यो-"रामायणमा लंकाको राजाको नाम कसैले "रावण" हो भन्छन् भने कसैले "राबण" हो भन्छन्, कुन चाहिँ शुद्ध हो ?

त्यस मूर्खले उत्तर दिए- "राभन" ।

भोजराजाले विस्मयमा परेर कसरी भनेर सोधेछन् । त्यस मूर्खले कालिदासतर्फ औंल्याइदिएछन् । कालिदास उठेर "भकार कुम्भकर्णे च भकार विभिषणे ........" भन्ने श्लोक पढेर भनेछन् । दुई भाईहरू कुम्भकर्ण र विभिषणका नाममा "भ" अक्षर छ भने दाजु चाहिँको नाउँमा किन नहुनु । भोजराजाले सन्तुष्ट भएर त्यस मूर्खलाई पुरस्कार दिइपठायो । त्यसैले तर्क र विचारले गलतलाई पनि ठिक बनाइदिन सक्छ । जुन सत्य होइन ।

अर्को कुरा दर्शनको भाषा "**महाजन येन गतोसः पन्थ**" भने जस्तो हुन्छ । यसको अर्थ- धेरै मानिस जहाँबाट हिँड्यो त्यही बाटो हो । यस्तो कथनले आफ्नो गन्तब्यमा जाने बाटो नचिनेका चौबाटोमा उभिएका बटुवालाई धेरै मलामीहरू गएको बाटो पछ्याएर जाँदा मसानघाट पुऱ्याइदियो । त्यसैले दर्शनको उलझनमा फसाउने, भ्रम सिर्जना गर्ने गर्दछ । गीता पढेर बहुलाएको कुरा बेलाबखत हामीले सुनेकै छौं । बुद्धको उपदेशमा यस्ता खालका अभिव्यक्तिहरू कतै पनि छैन । यसरी भ्रामक अभिव्यक्ति दिने केही प्रवचकहरू, लेखकहरू भएपनि सही अभिव्यक्ति दिने लेखक विद्वानहरू, प्रवचकहरू पनि छन् जसले बुद्धको उपदेश कुनै सिद्धान्त र दर्शन होइन, यो साक्षात्कारद्वारा अनुभूत सत्य हुन् भन्ने गरेका छन् ।

प्रसिद्ध हिन्दू सन्त स्वामी विवेकानन्दले समेत "कर्मयोग" को व्याख्या गर्दा भन्नुभएको छ- "**बुद्धने जो किया है वो ऐतिहासिक रुपसे है दर्शन से नहीं** ।" हिन्दू साध्वी आनन्दमूर्ति गुरुमाँले भन्नुभयो- "**जीवनमा आर्जन गरेका सबै स्वामित्वहरू त्यागेर सन्यास धारण गरेका सन्तहरूलाई अरु सम्प्रदायले फेरी "स्वामी" भन्ने पद भिडाएर गल्ती गरेजस्तो बुद्धले गरेको छैन । कुनै पनि भिक्षुलाई बुद्धले "स्वामी" भन्ने गरेनन्** ।" यति शुद्ध र निर्मल छ बुद्धको कार्य । यो कसरी सम्भव भयो ? साक्षात्कारबाट पाएको ज्ञानले भयो ।

आफ्नो पुस्तक "The Buddha And His Teachings, (page 281) मा भिक्षु नारदले भन्नुभएको छ "Bhddhism therefore, cannot strictly be called a philosophy because it is not merely "The love of inducing the search after wisdom Nor is Buddhism a hypothetical interpretation of the unknown (as in metaphysics) or of the inexactly known (as in ethics or political philosophy)".

उहाँले भन्नुभएको छ- Philosophy deals mainly with knowledge and is not concerned with practice, where as Buddhism lays special emphasis on practice and realization.

त्यसैले बुद्धको उपदेश सत्य-तथ्यलाई जस्तो हो त्यस्तै रूपमा साक्षात्कारद्वारा अनुभूत गरी बताइएको तथ्य हो । कुनै काल्पनिक तर्क, विचारको आधारमा मानेको सत्य होइन । मान्नु र जान्नुमा धेरै फरक छ । बुद्धको उपदेश मानेर बताइएको तथ्य होइन । जानेर बताइएको तथ्य हो ।

बुद्धप्रति विद्वानहरूले व्यक्त गर्ने गरेको अर्को भ्रामक कुरा हो- "**गौतम, 'बुद्ध' हो भने 'भगवान्' होइन, भगवान् हो भने बुद्ध होइन** ।" यो अभिव्यक्ति भिन्दाभिन्दै कुरा नबुझेकाले भनेका हुन् । बुद्धलाई बुझ्यो तर "भगवान्" को अर्थ बुझेन ।

सिद्धार्थमा अविद्या थियो । सन्यासीभावको स्वभाव हुँदाहुँदै पनि यशोधराप्रति आकर्षित भएर विवाह भयो । समय वित्दै जाँदा पुत्रलाभ भएपछि आफू पुरै बन्धनमा पर्नलागेको महशुस गरी गृहत्यागी सन्यास धारण गरेर ६ वर्षसम्मको

दुष्करतपस्याबाट पनि खोजेको कुरा प्राप्त नभएपछि अन्नजल ग्रहण गरी विपश्यना ध्यानमा लीन हुँदा सम्बोधिप्राप्त भयो। सबै भव, बन्धनबाट मुक्त भई अनित्य, दुःख, अनात्मको बोध भई चतुरार्यसत्यको बोध भयो। त्यसपछि उनी सम्यक् सम्बुद्ध भए। आफ्ना पूर्व जन्महरूलाई देखे। ब्रह्माण्डका समस्त लोकका प्राणीहरूको उत्पत्ति र च्यूतिलाई देखे। मानिसहरू लगायत देव, ब्रह्मालाई उक्त अनुभूत ज्ञानहरू बाँड्दै गए। सबैले उनलाई भगवान् भनेर चिने। उनी "भगवा" को गुण भएकाले भगवान् भए। अनेकौं जन्ममा सम्पन्न गरेको बोधिचर्याले यो सम्भव भयो। अन्य सम्प्रदायहरू भगवान् छन् भन्ने मान्दछन् र पृथ्वीमा अवतार लिएर अवतरण हुन्छ भन्छन्। ब्रह्माण्डको सृष्टी, पालन र संहार उनैले गर्छन् भन्छन्। यसै कारणले "भगवान्" शब्दप्रति भ्रम भयो।

बुद्धले श्रृष्टिकर्ताको खण्डन गरेको "दीघनिकायमा" उल्लिखित छ। अन्य सम्प्रदायले आत्मा अजर अमर छ र आत्मा एउटा शरीरलाई त्यागेर अर्को शरीरलाई धारण गर्छ, जसरी हामी मैलो भुत्रो लुगा फुकालेर अर्को लुगा लगाउँछौं भन्छन्। बुद्धले अनात्माको शिक्षा दिन्छ। त्यसैले बुद्धले पूर्वजन्म र पुनर्जन्म मान्दैन भनेर केहीले भन्छन्। तर त्यसो होइन। बुद्धले कर्मक्लेशको कारणले पुनर्जन्म हुन्छ, आत्माले होइन भन्छन्। त्यसैले बुद्धले आफूलाई कसैको अवतार भनेको छैन। ३ कार्तिक २०७० को कान्तिपुर दैनिक पत्रिकामा प्रकाशित "संस्कार फेरिन गाह्रो हुन्छ" शीर्षकको लेखमा प्रदिप नेपालले यही कुरा लेखेको छ। उहाँले दलाई लामाको अवतारीसँग जोडेर लेख्नुभएको छ। उहाँलाई बुद्धलाई भगवान् मान्ने संस्कारले टाउको दुखेको जस्तै अरुलाई पनि विभिन्न भ्रम-धारणाले बाधा दिइराखेको छ। बुद्धले कुनै दर्शनको प्रतिपादन गरेको होइन भन्ने कुरा माथि उल्लेख भइसकेको छ। यसतर्फ सोच्ने र कलम चलाउनेले यसबारे गहन अध्ययन गरेर आफ्नो लक्ष्यप्रति दृढ र परिपुष्ट रहनु आवश्यक छ।

गत असोज ३ गतेको कान्तिपुर दैनिक पत्रिकामा प्रकाशित राजेन्द्र महर्जनको लेख "नेपालका बुद्ध र संघिय लोकतन्त्र" मा उहाँले बुद्ध र बुद्धत्वको राम्रो विवेचना, नेपालको वर्तमान राजनैतिक मूल्य र मान्यताअनुरुप गणतान्त्रिक संघिय लोकतन्त्रको परिप्रेक्ष्यलाई केन्द्र बनाएर मार्मिक रूपले लेख्नुभएको छ। तर उहाँले आफ्नो लेखको अन्तिममा "**बुद्धलाई भगवान् मान्ने चश्मा □याँक्न जरुरी छ**" भन्नुभएको छ। यो उचित भएन। उहाँको भनाई राज्य र संघमा हरेक निर्णय जनताको मतदान वा सामुदायिक अनुमतिमा गर्ने गरिन्छ। गुरु, बृद्ध, नेता वा राजाका भनाईलाई आँखा चिम्लेर स्वीकार नगर्ने मतका अनुयायी बुद्ध हुन्। उनलाई भगवान् मानेपछि उनको वचन काट्नै भएन, त्यसलाई सन्देहको नजरले हेर्न भएन आँखा चिम्लेर मान्नै पर्‍यो भन्ने हो भने बुद्धलाई भगवान् मान्दैमा उनका भनाईलाई आँखा चिम्लेर मान्ने संस्कार बुद्धका अनुयायीहरूको छैन। बुद्धवाणीलाई विभिन्न कसीमा जाँचिन्छ र ठीक ठहरिएपछि मात्र स्वीकार गर्ने गरिन्छ। बुद्धले नै आफ्नो अन्त्य नजिक आएको बेला उक्त उपदेश दिनुभएको थियो। त्यसैले बुद्धलाई भगवान् मान्दा पनि अन्धविश्वासमा पर्नु पर्दैन। आज जति जति समय बित्दैछ उतिउति बुद्धको उपदेशको सान्दर्भिकता स्पष्ट हुँदैगएको छ। बौद्ध मात्र होइन अरु सम्प्रदायले पनि बुद्धको उपदेशलाई नकार्ने जमर्को गरेको छैन। बरु युक्तियुक्तरूपले स्वीकार गर्ने गरेको पाइन्छ। आफूलाई "प्रभु"

**नेपाल संवत् ११३४ नयाँ वर्षको उपलक्ष्यमा हार्दिक शुभकामना**

**साथै**

**देशमा शान्ति छाओस् भन्ने मैत्रीपूर्ण कामना।**

**मिलन बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड**

**ह्वनाछैं, पाको, न्यूरोड, काठमाडौं।**

**फोनः ४२३१०३६, ४२२२०६५, फ्याक्स : ४२१६१६७**

नमान्ने, सबैलाई दासत्वभाव बोक्ने होइन आफ्नो मालिक आफै हो भन्ने शिक्षा दिने बुद्धलाई भगवान् मानेर पनि आफ्नो बनाउन सकिन्छ। बुद्ध नेपाली मात्र होइन विश्वकै हो। अनागारिक जीवन बिताउने बुद्धलाई नेपाली नागरिकता भिडाउनु जरुरी छैन। फगत यत्ति मात्र हो कि बुद्ध कपिलवस्तुको लुम्बिनीमा जन्मेको हो। हाल उक्त प्राचीन कपिलवस्तु र लुम्बिनी नेपालको भू-भागभित्र पर्छ। त्यसैले बुद्ध नेपालमा जन्मेका हुन्। यो कुरा ऐतिहासिक प्रमाणले सावित भइसकेको छ।

हालै नेपाल सरकारले राष्ट्रबैंकमार्फत निकालिएको सयको नोटमा "बुद्ध नेपालमा जन्मेको हो।" भनेर अंकित गरेको कार्य सराहनीय छ। यसको लागि नेपाल सरकार कृतज्ञताको पात्र छ।

बुद्धको जहिले पनि सान्दर्भिक हुने कालजयी उपदेश नै पनि बुद्ध भगवान् हुनुको दरिलो प्रमाण हो। "गाउँछ गीत नेपाली ...." जस्तो कालजयी राष्ट्रिय गीतले राष्ट्रकवि माधव प्रसाद घिमिरेलाई कति उच्च स्थानमा पुऱ्याएको छ, जुन अहिलेको गणतन्त्रात्मक परिवेशमा पनि जीवन्त छ। राजाको स्तुति गाउने संस्कार छोड्नाले यो सम्भव भयो। गान्धीले अहिंसात्मक आन्दोलनबाट शक्तिशाली अंग्रेजलाई भारतबाट धपाएको देख्दा देख्दै पनि गान्धीको सत्य, अहिंसा, धैर्य, सहिष्णुता, शान्तिको सिद्धान्तलाई "मजबुरीको नाम महात्मा गान्धी" भनेर उपहास गर्नु अज्ञानताको परिणाम भएझैं बुद्धलाई भगवान् नमान्नु पनि बुद्धको "भगवा" गुणलाई नबुझी भगवान् शब्दको गलत अर्थलाई बोक्नु हो। जतिसुकै प्रगतिशील विचारका मानिस भएपनि बुद्धलाई भगवान् मान्न हिच्किचाउनु पर्दैन। अस्तु।





नेपाल संवत् ११३४ नयाँ वर्षको उपलक्ष्यमा हार्दिक शुभकामना
साथै
देशमा शान्ति छाओस् भन्ने मैत्रीपूर्ण कामना।

सुनौलो कीर्तिपुर बचत तथा ऋण सहकारी संस्था लि.
नगाउँ दोबाटो, नयाँ बजार, कीर्तिपुर



# धर्म-दर्शन

✍ सत्यनारायण गोयन्का

लेख-पढ गर्दा "धर्म" शब्दको प्रयोग धेरै ठाउँमा गरिन्छ । कहीं साधकहरू मिथ्या भ्रान्तिमा नपरून् । यहाँ धर्मको अर्थ कुनै सम्प्रदायको लागि प्रयोग गरिएको होइन । धर्मको अर्थ हो, एउटा यस्तो सुख-शान्तिमय जीवन आदर्श जुन आफ्नो लागि मात्र होइन समस्त मानव समाजको लागि अझ भनुँ समस्त प्राणीजगतको लागि सुख-शान्ति र कल्याणको साधन हो । धर्मको शुद्धता यस अर्थमा हुन्छ कि त्यो कुनै ब्यक्ति विशेष, वर्ग-विशेष, जाति-विशेष, समूह-विशेष, राष्ट्र-विशेष अथवा देश-विशेषको परिधिभित्र सीमित हुनु हुँदैन । यस्तो भयो भने सत्य हुँदैन, सद्धर्म हुँदैन । त्यो एउटा सम्प्रदाय हुनजान्छ । शुद्ध-सद्धर्मको विशेषता यही हो कि त्यो मानव मात्रको लागि समानरूपले सहज र ग्राह्य पनि हुनुपर्छ, कल्याणकारी हुनुपर्छ । जहाँ सद्धर्म छ त्यहाँ मानव-मानवबीच विभाजन गर्न सक्दैन । कसैलाई धर्मको अधिकारी र कसैलाई धर्मबाट बंचित गर्न सक्दैन । सद्धर्ममा कुनै विधानको अन्धरूपले अनुकरण गरिँदैन । यसबाट त प्रत्येक मनुष्यले आफ्नो तथा अन्यको लाभहानी थाहा पाउँदछ र सबैको भलाईको लागि शान्तिमय जीवन जीउने तरीका सिक्दछ । काय र वाणीको दुष्कर्मबाट अलग्ग रहेर कसरी शीलवान तथा सदाचारी हुन सकिन्छ ? आफ्नो कल्याणको मार्ग कसरी पहिल्याउन सकिन्छ ? अन्य ब्यक्तिहरूको सुख-शान्ति कायम राख्ने कार्यमा कसरी सहायक बन्न सकिन्छ ? शील तथा सदाचार कायम राख्नको लागि मन वशमा राख्ने कार्य कसरी सिक्न सकिन्छ ? अन्तरमुखी रहेर कसरी प्रज्ञा जागृत गर्न सकिन्छ ? मनोविकारलाई निरन्तर नियन्त्रण अथवा दमन गर्नुको बदलामा उत्छृंखल बनाएर खुल्ला छुट दिइरह्यो भने प्रज्ञाद्वारा त्यसलाई पूर्णतया सहजरूपले कसरी शमन गर्न सकिन्छ ? चित्तलाई शुद्धतामा कसरी प्रतिष्ठित गर्न सकिन्छ ? मुक्ति-विमोक्षको आस्वादन कसरी गर्न सकिन्छ ? परमपद निर्वाणको साक्षात्कार कसरी गर्न सकिन्छ ?

यस्तो शील, समाधि, प्रज्ञा र विमुक्ति कुनै निश्चित व्यक्ति-विशेष तथा वर्ग-विशेष अथवा सम्प्रदाय-विशेष कसरी हुनसक्छ ? यो त सर्वसुलभ छ । जस्ले शील पालन गर्छ उसले समाधिबाट चित्तलाई वशमा राख्ने अभ्यास गरेर प्रज्ञाद्वारा

**– शील, समाधि र प्रज्ञाको अभ्यासबाट शुद्ध धर्ममय जीवन जिउने अभ्यास गर्नको लागि कुनै सम्प्रदायमा दीक्षित हुनै पर्छ भन्ने छैन । कुनै सम्प्रदायमा दीक्षित भएर मात्र सुख-शान्ति प्राप्त हुन्छ भन्ने छैन । यस्तो त कदापी हुँदैन । कुनै जाति, वर्ग, देश, काल र कुनै पनि भाषा बोल्ने व्यक्ति जब चाहन्छ तब शील, समाधि र प्रज्ञा धर्मको अभ्यास गर्नसक्छ र सुख-शान्तिको जीवन ब्यतीत गर्नसक्छ ।**

चित्तविशोधन गर्दै मुक्ति प्राप्त गर्नसक्छ । शील, समाधि, प्रज्ञा र विमुक्ति नै शुद्ध धर्म हो, यही सद्धर्म हो ।

यही शील, समाधि र प्रज्ञाको अभ्यासबाट शुद्ध धर्ममय जीवन जिउने अभ्यास गर्नको लागि कुनै सम्प्रदायमा दीक्षित हुनै पर्छ भन्ने छैन । कुनै सम्प्रदायमा दीक्षित भएर मात्र सुख-शान्ति प्राप्त हुन्छ भन्ने छैन । यस्तो त कदापी हुँदैन । कुनै जाति, वर्ग, देश, काल र कुनै पनि भाषा बोल्ने व्यक्ति जब चाहन्छ तब शील, समाधि र प्रज्ञा धर्मको अभ्यास गर्नसक्छ र सुख-शान्तिको जीवन ब्यतीत गर्नसक्छ । यसलोक र परलोक सुधार्न सक्छ, आफ्नो र अन्य ब्यक्तिहरूको हितसुखमा सहायक बनेर आध्यात्मिक उन्नति गर्नसक्छ ।

शील यस कल्याणकारी मार्गमा प्रथम चरण हो । शील यस आध्यात्मिक जीवनको जग हो, आधारशीला हो । बिना शीलपालन गरेर कोही ब्यक्तिले सम्यक् समाधि प्राप्त गर्न सम्भव छैन । शील, समाधिमा प्रतिष्ठित नभइकन अन्तरप्रज्ञा जागृत गरेर अन्तरमनको सम्पूर्ण विकार निर्मल गर्नु असम्भव छ । अतः शील यस कल्याणकारी शुद्धधर्मको प्राणस्वरूप हो ।

आऊ शील के हो ? यसलाई बुझौं ।

काय र वाणीको दुष्कर्मबाट अलग्ग रहेर, मुर्खतापूर्ण दुराचारी जीवनबाट पर रहेर, समझदारीपूर्वक सदाचारमय जीवन जीउनु नै शील हो । दुराचारमय जीवनले ब्यक्ति ब्यक्तिमा, समाज-समाजमा दुर्भावना, द्वेष, द्रोह र विग्रह पैदा गर्दछ । जब कि सदाचारमय जीवनले सुख-शान्ति सद्भावना

र मैत्री पैदा गर्दछ । पहिलो दुराचारी जीवन दोषपूर्ण जीवन हो भने दोस्रो निर्दोष जीवन । दुराचारी जीवनले आफ्नो तथा अन्य सबै व्यक्तिहरूको लागि असीम दुःखको प्रजनन् र संवर्द्धन गर्दछ भने सदाचारी जीवनले दुःखको शमन तथजा निर्मूल गर्दछ । आऊ, अब पाँच शीललाई राम्ररी केलाएर हेरौं ।

**पहिलो-** हिंसाबाट विरत रह्यौं भने मैत्रीकरूणाको मंगलभावको विकास हुन्छ । हिंसा गर्‍यो भने क्रोध, द्वेष, द्रोह र दुर्भावनाको पोषण हुनजान्छ । यो शीलले मनुष्य-मनुष्यप्रति मात्र होइन पशु तथा अन्य प्राणीहरूमा पनि सौमनस्यताको भाव पैदा गर्दछ । यस शीलबाट **"जीवों जीवस्य भोजनम्"**, **"मारो या मरो"** भन्ने जंगली कानूनबाट टाढा राख्दछ । सबै प्राणीहरूलाई आत्मभाव अर्थात् **"अत्तानं उपमं कत्वा"** भन्ने सत्यतिर देखाउँदछ । **"बाँच र बाँच्न देऊ"** भन्ने मैत्रीपूर्ण वातावरण तैयार गर्दछ र प्राणीहरूको सुख-सम्बर्द्धन गर्दछ ।

**दोस्रो-** अदिन्नादानबाट अलग्ग रहेर लोभजन्य दुराचरणबाट बच्न सकिन्छ । लुकी-छिपी, चोरी गर्नु मात्र अदिन्नादान होइन, लोभी-लालची भएर अधर्मपूर्वक मिथ्या-आजीविकाको साधन अपनाएर धन-संग्रह गर्नु र जनतालाई निर्धन-दुःखी बनाउनु पनि अदिन्नादान हो, चोरी हो । यस शील पालन गरेमा अन्धस्वार्थताबाट बचेर परदुःखप्रति करूणा प्रज्वलित गर्न सकिन्छ । सबैको हित, न्योयोचित जीवन-यापनको लागि अनुकूल वातावरण तयार गर्नमा सहायक हुनसक्छ ।

**तेस्रो-** कामसम्बन्धी दुराचरणबाट अलग्ग रहेर आफूभित्र निहित दुर्दमनीय पाशविक वासनालाई दमन गरेर आत्मसंयम रहने अभ्यास गर्न सकिन्छ । पारिवारिक र सामाजिक ब्यवस्थाको सन्तुलन र सबैको सुखद् स्वास्थ्य सुरक्षामा मद्दत गर्न सकिन्छ ।

**चौथौ-** वाचिक दुष्चरित्रबाट अलग्ग रहेर वाणीलाई संयम गर्न सकिन्छ । भूठो बोल्ने, कडा बचन बोल्ने, निन्दा-चुगली गर्ने, निरर्थक बोल्ने बानी छोडेर स्वयं बेचैन हुनबाट बच्न सकिन्छ । अन्यलाई हानी हुने कार्यबाट अलग्ग रहन सकिन्छ । यसबाट अन्य ब्यक्तिको मन दुखाउने कार्यबाट अलग्ग रहन्छौ । साँचो, सीधा, मीठो कल्याणकारी वाणी बोलेर अन्य तथा स्वयं शान्त सुखी हुन सकिन्छ ।

**पाँचौं-** मादक पदार्थ सेवन गर्नबाट अलग्ग रहेर हामी स्वयं आफूमा बन्चित रहँदैनौं बल्कि यस्को मादमा परेर अन्य ब्यक्तिहरूको सुख-शान्ति भङ्ग गर्ने पागलपनबाट समेत बच्न सक्छौं ।

यस प्रकार हामी थाहा पाउँछौं कि सबै शील आत्महित तथा परहितको लागि नै हुन् । कोही हत्यारा, लोभी, ब्यभिचारी, भूठो बोल्ने र मद्यपान गर्ने ब्यक्ति आफ्नो इन्द्रियलाई कसरी बशमा राख्नसक्छ ? आफ्नो मनलाई कसरी स्थीर-शान्त राख्नसक्छ ? प्रज्ञा जागृत गरेर आफ्नो मनमा उठ्ने विभिन्न विनाशकारी मनोविकारबाट कसरी मुक्त हुनसक्छ ? कसरी परमपद निर्वाणको साक्षात्कार गर्नसक्छ ? कसरी असीम मैत्री, करूणा, मुदिता र उपेक्षाको सर्वमाङ्गल्यमय विहारको जीवन जीउन सक्छ ? स्वयं आफ्नो हित गर्न नसक्ने ब्यक्तिले अन्य ब्यक्तिको हित-सुखको लागि के सहयोग गर्नसक्छ ? उस्ले त अन्यलाई पनि हानी नै पुर्‍याउँछ ।

यस शुद्ध धर्म-पथटको यात्रा आरम्भ गर्दा जब हामी शील-पालन गर्ने अभ्यास गर्छौं, यसबाट कुनै सम्प्रदायको खोक्रो रीतिरिवाज गरिरहेका छैनौं, कुनै पुस्तकमा लिखित विधि-विधानमय निर्जीव कर्मकाण्डको अनुष्ठान गरिरहेका छैनौं, कोही मत-प्रवर्त्तक ब्यक्ति विशेषको स्तुति-प्रार्थना, पूजा-अर्चनामा अल्भिदैनौं, कुनै मिथ्या अन्धविश्वासमा अल्भेर विना सोचविचार रूढि-परम्पराको शिकार बन्दैनौं, कोही लकीरको अंधो फकीर बन्दैनौं बल्कि धार्मिक जीवन जीउन सिक्छौं र त्यो पनि सोच-विचार गरेर आत्मकल्याण तथा परकल्याणको मङ्गलभावहरूले स्वतः प्रेरित भएर रहने हो । सार्वजनिक हित-सुख र मङ्गल-स्वस्तिको भावले अनुप्राणित भएर रहने हो । यो एउटा यस्तो जीवनपद्धति हो, स्वस्थआचरण-संहिता हो जुन कोही अन्य ब्यक्तिहरूले हामीमाथि ठोपेको होइन, जुन भयभीत भएर मजबुरण ग्रहण गर्न बाध्य भयौं । शील पालन गरेर अनतरमनमा कुनै प्रकारको गाँठो बाँध्दैनौं बल्कि स्वस्थ चित्तले स्वस्थ ब्यक्ति एवं स्वस्थ समाजको निर्माण गर्दछौं ।

यस्तो छ यो शील, यस्तो छ यो शुद्ध धर्मको प्रथम चरण सद्धर्मको पहिलो कल्याणकारीस्वरूप । सबैको लागि ग्रहणीय धर्म । सबैको लागि समानरूपले मङ्गलमय ।

अतः आऊ साधकहरू । हामी शीलवान बनूँ जसबाट स्वयं पनि सुख-शान्तिको उपभोग गर्न सकूँ तथा अन्यको पनि सुख-शान्तिमा सहायक बनौं । शील टुट्यो भने आफ्नो पनि सुख-शान्ति भङ्ग हुन्छ, अरूको शान्ति पनि भङ्ग हुन्छ । आफ्नो पनि अन्यको पनि हित-सुख दूर हुन्छ ।

हामी कसैको हत्या गर्दछौं । अन्यको सामान चोर्छौं, ब्यभिचार गर्छौं, भूठ, छल, कपट वाणी बौल्छौं, क्रूर चुगली, निरर्थक कुरा गरेर अन्यलाई दुःखी त बनाउँछौ नै साथ-साथै स्वयं पनि हिंसा, क्रोध, लोभ, इर्ष्या, द्वेष, लोलुपता, वासना, कटूतापूर्ण व्यवहारले आफ्नो मन-मानस भरेर मनको निर्मलताबाट टाढा रहन्छौं । आफ्नो सुख-शान्ति नष्ट गर्दछौं । यस्तै प्रकारले नशालु पदार्थ सेवन गरेर हामी पराधीन बन्छौं, गुलामी बन्दै जान्छौं र नशाबाट प्रमत्त भएर आफ्नो र अन्यको अहित गर्दछौं ।

प्रत्येक शील भङ्ग गर्दा आफ्नो र अन्य सबैको हानी त हुन्छ नै परहित गर्ने मङ्गलभावना नभए ता पनि कम से कम आत्महितको लागि भए पनि, स्वार्थ सिद्धिको लागि भए पनि शीलपालन गरौं ।

आफ्नो स्वार्थ पूरा गर्नु नराम्रो होइन । तर आफ्नो सही स्वार्थ केमा छ त्यो त थाहा पाउनु पर्छ । सही स्वार्थ त्यही हो, जस्मा अन्यको स्वार्थ पनि निहित छ । आफ्नो सुख त्यही हो, जस्मा अन्यको सुख पनि सामेल छ । सही शान्ति त्यही हो, जसबाट अन्य ब्यक्तिको शान्ति भङ्ग हुँदैन ।

अन्यको सुख-शान्ति भङ्ग गरेर यदि हामी आफ्नो सुख-शान्ति कायम राख्न खोज्यौं, आफ्नो हित-सुख साधन गर्न चाह्यौं भने वास्तवमा हामीले सत्य के हो बुझेका नै छैनौं । आफ्नो आँखामा पट्टी बाँधेर बाटो बिराएको बटुवाजस्तै हुन्छ ।

साधकहरू आफ्नो साँचो सुख-शान्ति र हित-सुखको लागि अन्य सबैको सुख-शान्ति र हित-सुख सुरक्षित राख्न सिक्नुपर्छ । यही शील-सदाचार हो । यसैमा आत्म-मङ्गल र सर्वमङ्गल निहित छ । यसैमा आत्महित र सर्वहित समाएको छ । अतः सचेत एवं जागरूक रहेर शीलवान बन्ने अभ्यास गरौं । यही नै धर्मको पहिलो कदम हो, जुन मुक्ति मोक्षको लामो यात्रामा अन्तिम क्षणसम्म सहयोगी बन्छ । लामोभन्दा लामो यात्राको लागि पनि पहिलो चरण त्यति नै महत्त्वपूर्ण हुन्छ । यही पहिलो कदम नै यात्राको अन्तिम विन्दूसम्म पुग्ने कारण बन्छ । पहिलो कदम नै उठेन भने आफ्नो लक्ष्य कसरी पुरा हुन्छ ।

आऊ ! साधकहरू ! यस मङ्गलमयी धर्मयात्राको
पहिलो कदम दृढताका साथ उठाउँ, शीलवान् बनूँ,
शीलवान बनूँ, शीलवान बनूँ ।

# वन्दना गाथा



वन्दामि वन्दना वन्दना, चरण कमले वन्दना ।
फ्रा सोमदेच् ञाणसंवरस्स, सिरी पादस्मिं वन्दना ।।

ञाणसंवर महाथेरो, पवरनिवेसि धीवरो ।
कारुञ्ञो सीत हदयो, नाना कम्मेसु कोसलो ।।

द्वासत्तति वयादानि, परिपूरति आयुना ।
कुसलो धम्मं देसेतुं, नाना भासाय कोविदो ।।

ये च अतीता सम्बुद्धा, ये च अरिय-सावका ।
सब्बस्स ते आनुभावेन, अरोगो होतुनिरुप्पदो ।।

तिसिक्खाभि समूपेतो, सब्बेन सब्बदा सदा ।
सबलो सुख वण्णायु, होन्तु वुड्ढिं च सब्बदा ।।

बहुजनानं हितत्थाय, महाजनानं सेवको ।
पत्तो कालो इदानिस्स, ददाम वरमङ्गलं ।।

अनागतानं ये बुद्धा, ये च सावकनागता ।
तेसं पि आनुभावेन, होन्तु सिद्धि सुमङ्गलं ।।

वन्दना छ मेरो वन्दना, चरणकमलमा वन्दना ।
फ्रा ञाणसंवरका, श्रीपादमा वन्दना ।।

ञाणसंवर महास्थविर, पवन निवासी धीरवर ।
कारुणिक शीतलहृदयी, विविध कार्यमा दक्षवान ।।

बहत्तर वर्ष उमेरका वहाँ, पूर्ण आयु भएर पनि ।
धर्मदेशनामा कुशल, विविध भाषामा निपूण वहाँ ।।

ती अतीतका जो छन् बुद्ध र आर्यश्रावकहरु ।
ती सबैका आनुभावले, होस् निरोग निरुप्पदव ।।

प्रीति शिक्षाले सुपरिपूर्ण, होस् सदा-सदा झैं ।
सबल सुख वर्णायु, सदा होस् वृद्धि पनि ।।

बहुजन हितार्थमा, महालोकजनका सेवकलाई ।
उत्तम मौका यही हो, मङ्गल वर चढाउने ।।

अनागतमा हुनेछन्- जो बुद्ध र आर्यश्रावकहरु ।
ती सबैका आनुभावले, होस् सिद्धि-सुमङ्गल पनि ।।

(वि.सं. २०४२ मंसिर ८ गते परमपूज्य सोमदेच् फ्रा. ञाणसंवर नेपाल आउनुहुँदा दिवंगत आचार्य महानायक डा. भिक्षु अमृतानन्द महास्थविरले रचना गर्नुभएको पालि वन्दना गाथालाई नेपालीमा रूपान्तरण गरी प्रस्तुत गरिएको, श्रोत : अखिल नेपाल भिक्षु महासंघको बुलेटिन, सं. कोण्डन्य संघाराम, वर्ष २ अंक ७, वि.सं. २०५२)



# तुशिता : बुद्धधर्म अध्ययन केन्द्रस्थल तुलनात्मक विचार

✍ केशरी वज्राचार्य

आजकल महामानव तथा महापुरूषहरू संसारका कुन ठाउँमा जन्मेका थिए भनेर जानकारी राख्ने र त्यस विषयमा राष्ट्रिय गौरव गर्ने प्रचलन बढेको छ । महापुरूषको जन्म भएको देशले राष्ट्रिय गौरव अनुभव गर्न पाउनु महत्त्वपूर्ण कुरा हो । भगवान् गौतम बुद्धको पवित्र जन्मस्थल लुम्बिनी पनि संसारको कुन पवित्र ठाउँमा छ भन्ने विषयमा आजकल सामाजिक सञ्जालहरूमा खुबै आउने गरेको छ । यसले देशको गरिमा बढे पनि बुद्धधर्मको ज्ञान बढाउँदैन । वास्तविक अर्थमा बुद्धधर्मको ज्ञान बढाउनु अति श्रेयष्कर हुन्छ । सबै प्राणीको हित कसरी गर्न सकिन्छ? दुःखबाट मुक्ति कसरी पाउने? जन्म दुःख, व्याधि दुःख, मरण दुःख, प्राणीको जन्मसँगसँगै आउने कुरा भगवान् बुद्धले महान शिक्षा आफ्ना उपदेशमा दिनुभएको छ । त्यसलाई एकचित्त भएर कसरी हासिल गर्ने? जीवनलाई सार्थक कसरी बनाउने? जीवनमा सुखशान्ति कसरी ल्याउने आदि कुराको ज्ञान त बुद्धधर्मको शिक्षा अध्ययनबाट नै प्राप्त हुन्छ । बुद्धधर्म र संस्कृतिको ज्ञान बढाउने कुरालाई महत्त्व दिएर शिक्षाको केन्द्रस्थल नै बनाउने कार्य पनि विभिन्न देशमा भइरहेको छ । यो कार्य झनबढी श्रेयष्कर देखिन्छ ।

**– काँगडाको तुशिता अहिले बुद्धधर्म अध्ययन, ध्यानकेन्द्र र शिक्षाको केन्द्रस्थल बनिरहेको छ । हिमाञ्चल प्रदेशको प्रसिद्ध सहर मैकलोडगञ्जको (धर्मशाला नजिक) उच्च भव्य पहाडभन्दा पनि माथि धर्मकोटको नजिक छ ।**

**– तुशितालाई अन्तरराष्ट्रियस्तरको अध्ययन केन्द्रको मान्यता प्राप्त छ । यहाँ नयाँ मानिसहरुका लागि र बुद्धधर्मका अनुयायीहरुका लागि समान रुपमा सम्मानपूर्वक अध्ययनको अवसर प्राप्त छ ।**

आजकल कहिं कहिं बुद्धधर्मको अध्ययन केन्द्रभन्दा पनि बौद्ध संस्कृतिको बढी विकास भएको हो कि भन्ने अनुभव पनि हुनथालेको छ । भगवान् बुद्धका धेरै मूर्तिहरू निर्माण भएका छन् । चैत्यहरू थुप्रै निर्माण भएका छन् । त्यस अनुपातमा बुद्धधर्मसम्बद्ध शिक्षा केन्द्रहरू कम भएको हो कि भन्ने आभास भइरहेको बेला भारतको हिमाञ्चल प्रदेश काँगडा जिल्लामा १९७३ देखि स्थापित तुशिता नामको बुद्धधर्म अध्ययन केन्द्रले निकै प्रसिद्धी पाउँदैछ ।

**नेपाल संवत् ११३४ नयाँ वर्षको उपलक्ष्यमा हार्दिक शुभकामना**
**साथै**
**देशमा शान्ति छाओस् भन्ने मैत्रीपूर्ण कामना ।**

**इन्द्रेणी वचत तथा ऋण सहकारी संस्था लि.**
गुरुजुधारा, काठमाडौं, फोन नं. ४३१५३४४, फ्याक्स : ४३१०४५८

यो अध्ययन केन्द्र रहेको ठाउँ नेपालको इतिहाससँग पनि गाँसिएको छ । कुनैबेला नेपालको पश्चिमी सीमाना यही काँगडासम्म थियो । यो इतिहासको कुरा हो । वर्तमानमा नेपालको सीमाना खुम्चिएर महाकाली नदीमा सीमित भएको छ । काँगडाको तुशिता अहिले बुद्धधर्म अध्ययन, ध्यानकेन्द्र र शिक्षाको केन्द्रस्थल बनिरहेको छ । हिमाञ्चल प्रदेशको प्रसिद्ध सहर मैकलोडगञ्जको (धर्मशाला नजिक) उच्च भव्य पहाडभन्दा पनि माथि धर्मकोटको नजिक छ ।

तुशिता बुद्धधर्म अध्ययन केन्द्र, मैकलोडगञ्जभन्दा माथि जंगल भएको पहाडमा रहेको केन्द्र हो । यहाँ बुद्धधर्मको अध्ययन, यससम्बन्धी शिक्षा तथा ध्यानसम्बन्धी जानकारी एवं प्रयोग सिकाइन्छ । सबै धर्मलाई आदर सत्कार गर्ने यस केन्द्रमा मैत्रीपूर्ण वातावरणका साथसाथै कतिपय अनुशासनमा पनि ध्यान दिइन्छ । ध्यानभावना, बुद्धवादको दर्शन तथा प्रयोग सिद्धान्तका लागि कैयौं किसिमको पाठ्यक्रम यहाँ चलाइएको छ । यहाँ त्यस्ता मानिसहरू नै आउनसक्छन् जसले कुनै न कुनै प्रकारका कोर्स अध्ययन चलाइसकेका हुन्छन् ।

तुशितालाई अन्तरराष्ट्रियस्तरको अध्ययन केन्द्रको मान्यता प्राप्त छ । यहाँ नयाँ मानिसहरूका लागि र बुद्धधर्मका अनुयायीहरूका लागि समान रूपमा सम्मानपूर्वक अध्ययनको अवसर प्राप्त छ । पाठ्यक्रमको आरम्भमा पहिलो ६ दिनमा मानवता तथा बौद्धदर्शन एवं ध्यानभावना विषयमा वर्तमान युग सापेक्षता (समय) लाई ध्यानमा राखेर विद्यार्थीहरूलाई शिक्षा प्रदान गरिन्छ । देशविदेशमा बुद्धधर्म तथा भावनाहरू कर्म, पुनरजन्म, दया, प्रेम एवं इमान्दारी, सत्यको प्रकृति शिक्षाको प्रमुख विषय रहेको छ । पाठ्यक्रमको अन्तिम दुइदिनमा निकै गम्भीर ध्यानभावना गराइन्छ । जसमा मानिसलाई आफूले आफैलाई चिन्नसक्ने अभ्यास गराइन्छ ।

यसरी अध्यापनकालमा विद्यार्थीहरूलाई खास अनुशासन अपनाउन लगाइन्छ । जसका कारण प्रत्येक व्यक्ति वा विद्यार्थीलाई त्यहाँ बस्न सहज बनाउने गर्दछ । पृथ्वीका सबै जीवप्रति आदरभाव राख्नु, यहाँसम्म कि कीतपतङ्गलाई समेत मार्नहुन्न भन्ने भावना विकास गर्नु, अरूको सम्पत्तिको कदर गर्नु, कसैको कुनै पनि बस्तु चोरी नगर्नु, झुठो नबोल्नु, कसैलाई धोखा नदिनु, ब्रह्मचर्या पालन गर्नु, कुनै पनि प्रकारको नशा नलिनु, भोगविलास एवं आनन्दमा मात्र नभुल्नु, हरपल आफ्नो बासस्थानको आसपास शान्तिपूर्ण वातावरण बनाइराख्नु, महिला तथा पुरूषबीच आदर-सम्मानभाव कायम गर्नु, तुशितामा केवल साकाहारी भोजन मात्र दिइन्छ ।

मैले आफ्नो अध्ययनको सिलसिलामा केही वर्षअगाडि प्राप्त गरेका यस्ता अनुभवहरूबाट अहिले मलाई केही अन्तरङ्ग भावना जागेको अनुभूति भइरहेछ । त्यस आधारमा हामीकहाँ पनि काँगडाको तुशिताः अध्ययन केन्द्रस्थलमा जस्तै अध्ययनको वातावरण बनाउन सकिने थुप्रै आधार विद्यमान छ । उदाहरणका लागि नेपालमा भगवान् बुद्धको प्रतिमा बनाउन चैत्य, विहार निर्माण गर्न लाखौं, करोडौं रूपियाँ चन्दा, दान संकलन हुने वातावरण बनिरहेको छ । यसलाई अझै व्यवस्थितगर्न सकियो भने माथि उल्लेखित अध्ययन केन्द्रस्थल नै स्थापना गर्न सकिन्छ । नेपालमा भगवान् बुद्धको प्रतिमा निर्माणगरी संसारभरी कै विहार, सार्वजनिक स्थल एवं अन्तरराष्ट्रियस्तरका शान्तिस्थलमा आवश्यकता अनुसार वितरण गर्नसक्ने क्षमता भएका दाताको उदय समेत भएको छ । यस हिसाबले हेर्ने हो भने माथि उल्लेखित बुद्धधर्म अध्ययन केद्रस्थल स्थापना गर्नसकिने आधार तयार भएको देखिन्छ । यसका लागि संस्थागत प्रयासको आवश्यकता अनुभव गरिएको छ ।

नेपालमा बुद्धधर्म र संस्कृतिको केन्द्रस्थल रहेको प्राचीन धरोहर स्वयम्भूमहाचैत्यको प्रतीक पूर्वी चीनको हेवई निनचिङ्गस्थित युन्ताई मन्दिर परिसरमा निर्माणगर्न दुईवर्ष अघि नै शिलान्यास भएको थियो । चीन सरकारले सम्पूर्ण खर्च व्यहोर्नेगरी दुई वर्षमा निर्माण सम्पन्न गर्ने लक्ष अनुसार हाल निर्माण पुरा भएको विश्वास गर्न सकिन्छ । यस्ता अनेकौं उदाहरण पाउन सकिन्छ । यस लेखमा व्यक्त गर्न खोजिएको मुल आशय यसखाले साँस्कृतिक सम्पदाहरूको निर्माण भएजस्तै यस्ता साँस्कृतिक केन्दस्थलमा बुद्धधर्म संस्कृतिको अध्ययन अध्यापनको कार्य पनि संगसगै लानुपर्छ भन्ने नै हो । अध्ययन केन्द्र बिनाका यस्ता सम्पदाहरू धार्मिक साँस्कृतिक स्थलको रूपमा परिचित भइ पर्यटन प्रवर्द्धनमा टेवा पुग्ला । आर्थिक प्रगतिमा सहयोग होला । तर बुद्धधर्म अध्ययनको केन्द्रस्थलको रूपमा समेत विकसित गर्न सकियो भने सुनमा सुगन्ध हुने कुरामा दुईमत नहोला ।

भगवान् बुद्धको पवित्र जन्मस्थल लुम्बिनीमा अहिले

जुन किसिमले भव्य साँस्कृतिक भवन तथा विहार गुम्बा चैत्यहरूको निर्माण भइरहेको छ, त्यो स्तरमा बुद्धधर्म दर्शन अध्ययन केन्द्रस्थलको विकास भएको छैन । देश विदेशको बौद्ध साँस्कृतिक झल्को अवश्य पनि पाउन सकिन्छ । यसबाट बुद्धधर्म अनुसरणगर्ने देशहरूको साँस्कृतिक वैभव पाउन सकिन्छ । यति मात्रले सन्तोषगर्न सकिन्न भन्ने मेरो अनुभव छ ।

बुद्धधर्म-दर्शन अध्ययन केन्द्रस्थलको विकास र नेपालको साँस्कृतिक वैभवबाट पर्यटन प्रवर्द्धन समेत गर्न सकिने अभिप्रायले ललितपुरको अतिमहत्त्वपूर्ण प्राकृतिक वातावरणले भरिपूर्ण स्थलमा स्थलगत अध्ययन भइरहेको कुरा विश्वस्त सूत्रबाट जानकारी प्राप्त भएको छ । सरकारी एवं गैरसरकारीस्तरमा भइरहेको यो प्रयास सफल भएमा वास्तविक अर्थमा भगवान् बुद्ध जन्मनुभएको देशमा बुद्धधर्म, दर्शन एवं संस्कृतिको पनि विश्वस्तरमा अध्ययन केन्द्र बन्नसक्ने देखिन्छ । आशा गरौं त्यो दिन अवश्य आउने छ । संसारले बुद्ध जन्मेको देश भनेर मात्र हैन अपितु उच्चकोटीको बुद्धधर्म-दर्शनको शिक्षा प्रसारमा नाम राख्न सफल हुने छ ।



**अनिच्चावत संखारा उप्पादवय धम्मिनो ।**
**उपज्जित्वा निरुज्झन्ति तेसंउपसमो सुखो ।।**





जन्म-
बु.सं. २४६७, ने.सं. १०४३,
यँलागा, एकादशी,
शनिवार

दिवंगत-
बु.सं. २५५७, ने.सं. ११३३
कौलागा, षष्ठी,
शुक्रवार

**मेरो श्रीमान् श्री भक्तलाल चित्रकार ९१ वर्षको उमेरमा परलोक हुनुभएको बौद्ध उपासकको हैसियतले चतुरार्यसत्यलाई आत्मसात गर्दै, आर्यअष्टाङ्गिकमार्गको सहाराबाट निर्वाणको पथमा अग्रसर हुन सकून् भनी कामना गर्दै दुःखद् घडीमा श्रद्धाञ्जली व्यक्त गर्नुहुने सम्पूर्ण महानुभावहरुमा बुद्धधर्मको आनुभावले मङ्गल होस् भनी कामना गर्दछु ।**

प्रार्थी
**सूर्यमाया चित्रकार तथा सपरिवार**
मैतिदेवी, काठमाडौं ।



# श्रावक यानको विकसित रूप महायान

✍ लोकबहादुर शाक्य

**– महायानको मूल ग्रन्थ षट्पारमिताको रुपमा बोधिचर्यावतार भएको अनि अजारौं अर्हत् भिक्षुहरुलाई बुद्धले देशना गर्नुभएको सत्यतथ्य कुरो गम्भीर रुपमा विचार विमर्श गर्दा श्रावकयानको विकसित रुप महायान भएको स्पष्ट बोध गर्न सकिन्छ ।**

**– विश्वमा जति पनि धर्म छन् ती मध्येमा सबभन्दा व्यावहारिक तथा वैज्ञानिक धर्म बुद्धधर्म हो । यस धर्ममा अन्धभक्त, अन्धश्रद्धा तथा अलौकिकतालाई स्थान छैन । सफल मानव जीवन निर्वाह गर्नको लागि महामानव बुद्धले दिनुभएको उपदेशलाई कतिले धर्म नभनी जीवन पद्धति भनेको छ । फेरि धर्म नमान्ने नास्तिक भन्नेहरुले पनि विश्वशान्तिको निमित्त बुद्धको उपदेश नभै नहुने भनेर मानिरहेको पनि बुझिन्छ ।**

बुद्धले धर्मको कार्यक्रम मनुष्यको चाहना, क्षमता, परिस्थिति र समय सुहाउँदो तरिकाले विकास गर्न अनेक सुधारात्मक, रचनात्मक, प्रगतिशील पाइला चालेर देशना तथा उपदेश दिनुभई धर्मदर्शन प्रचार गर्नुभएकोले यसलाई मानव-धर्म भनिएको हो । बुद्धको समयमा सम्प्रदाय अथवा यान थिएन, बुद्धको महापरिनिर्वाणपछि बौद्ध विद्वानहरूले बुद्धधर्मलाई गहिरो अध्ययन, चिन्तन, मनन तथा अनुसन्धान गरेर सर्वसाधारणले समेत बुद्धधर्म सजिलैसँग बुझेर निर्वाणको बाटोमा अग्रसर हुन सकोस् भन्ने उद्देश्यले विभिन्न परिस्थितिमा बुद्धधर्म-दर्शनमा मूल रूपमा **श्रावकयान**, **महायान**, **वज्रयान** सम्प्रदाय सिर्जना गरिएको पाइन्छ । सिद्धार्थ बुद्ध हुनुभएपछि सर्वप्रथम सारनाथ मृगदावनमा पंचभद्रवर्गीयलाई चतुरार्यसत्य (दुःखसत्य, दुःखसमुदयसत्य, दुःखनिरोधसत्य, दुःखनिरोध मार्गसत्य) को धर्मचक्रप्रवर्त्तन गर्नुभएको धर्म-दर्शनलाई श्रावक यान भनेर मानिआएको छ ।

मृगदावनमा प्रथम धर्मचक्र प्रवर्तन गर्नु भएपछि बुद्ध गाउँ गाउँ नगर नगर भ्रमण गरेर बुद्धधर्म-दर्शन प्रचार गर्नुभएको ६ वर्षभित्र हजारौं अर्हन्त भिक्षुहरू तयार भएपछि धर्मद्वारा जनचेतना जागृत गरी तत्कालीन समाजमा विद्यमान अन्धविश्वासलाई निर्मूल गर्दै लोक कल्याणकारी कार्यक्रम तदारूकतासाथ संचालनको निम्ति राजगृहस्थित गृद्धकूट पर्वतमा हजारौं अर्हन्तहरूलाई सम्बोधन गरी द्वितीय धर्मचक्रप्रवर्त्तन गर्नुभएकोलाई महायान भन्ने प्रचलन देखिन्छ । उक्त बुद्ध उपदेशमा निम्न उल्लेख्य सूत्रअनुरूप अर्हन्त भिक्षुहरू घरघरमा गएर बुद्धधर्म प्रचार गर्न विशेष निर्देशन दिइएको बुझिन्छ ।

**चरथ भिक्खवे चारिकं, बहुजन हिताय, बहुजन सुखाय, लोकानुकम्पाय, अत्थाय हिताय, सुखाय देवमुनस्सानं, देसेथभिक्खवे, धम्मं आदिकल्याणं, मज्झे कल्याणं, परियोसाने कल्याणं, सात्थं, सब्यञ्जनं केवल परिपुण्णं, परिसुद्ध ब्रह्मचरियं पकासेथ ।**

(महावग्गपालि, विनयपिटक)

अर्थात् भिक्षुहरू बहुजन हितको लागि, बहुजन सुखको लागि, लोकमाथि दया गर्नको लागि, देवताहरू र मनुष्यहरूका प्रयोजनका लागि, हितका लागि, सुखको लागि, चारिका (भ्रमण) गर, आदि (अतीतकाल) कल्याणकारक, मध्ये (वर्तमानकाल) कल्याणकारक, अन्त (पर्यवासान भविष्यकाल) मा पनि कल्याणकारक यस धर्मको उपदेश गर, अर्थयुक्त ( कुशल अर्थसहितको) व्यञ्जनयुक्त (कुशल व्यञ्जन) व्याख्यानसहितको धर्मले भरिपूर्ण रहेको परिपूर्ण परिशुद्ध ब्रह्मचर्य-धर्मलाई प्रकाश गर ।

यस विशाल सिद्धान्तअनुरूप निर्वाणपथतिर चर्या गरिरहे पनि व्यवहारमा अहंकार, सेखी, घमण्डी, तामसी, ममकारको भावना नराखी आफू मात्रै मुक्त भएर वा तरेर जाने आकांक्षा समेत नलिई अनुपलम्भ दृष्टि कोणले प्राणीहरूको उद्धार गर्न बोधिसत्त्वको रूपमा सकल प्राणीलाई उद्धार गर्ने महायानको मनसाय भयो । कैयौं बोधिसत्त्वहरूले आफ्नो ज्यानको पनि पर्वाह नगरी परोपकार गरिआएको उदाहरणहरू बौद्ध ग्रन्थमा पाइन्छ । '**बुद्धो भवेयम् जगतोहिताय**' श्लोकअनुसार सिद्धार्थ आफू तरेर जाने उद्देश्यले बुद्ध हुनुभएको नभई लोक कल्याणको निम्ति बुद्ध हुनुभएको स्पष्ट छ । महायानीहरू दान-शील-क्षान्ति-वीर्य-ध्यान-प्रज्ञा समावेश भएका षट्पारमिता चर्या गरेर क्लेशावरणमात्र होइन ज्ञेयावरणबाट समेत पार हुनु

पर्ने सिद्धान्त अपनाउँछन् ।

पाटनस्थित प्यंगः थां सिज बहालमा आनन्दराज शाक्यको निवासमा वि. सं. २०३९-२०४० तिर बोधिपरिषद्‌बाट आयोजना भएको हप्ताको दुईपटक गरेर दश महिनासम्म पं. दिव्यवज्र वज्राचार्यले बोधिचर्यावतार ग्रन्थको धर्मदेशना गर्नुभएको थियो । धर्मदेशना विसर्जन समरोह गर्ने सिलसिलामा भएको एक तथ्य कुरो पनि महायान सिद्धान्त स्पष्ट गर्न उल्लेखनीय छ । विसर्जन समारोहमा पूजा गरेर प्रसाद खानेकुरा ग्रहण गर्ने बखत पण्डितज्यूले बोधिचर्यावतार ग्रन्थ मौलिक महायान चर्या भएकोले महायानमा सरसामान राखेर पूजा गर्ने प्रचलन छैन । मानसिक पूजा (सप्तविधानुत्तर मानसिक पूजा वन्दना, पूजना, पापदेशना, अनुमोदन, अध्येषणा, याचना पुण्य परिणामना-षट्पारमिता बोधिचित्त भावना) मात्र छ । वज्रयानमा मात्र अनेक सरसामानको व्यवस्था गरेर पूजा गर्ने प्रचलन छ भनी स्पष्ट गर्नुभयो । धर्मदेशना समापन भएको कार्यक्रममा पण्डितज्यूलाई अर्पण गरेको सामूहिक दक्षिणा रू. पाँच हजार, वहाँले बोधिचर्यावतार ग्रन्थ संस्कृत भाषाबाट नेपाल भाषामा अनुवाद गरेर प्रकाशन गर्न दिनुभएको पनि महायान चर्याको एक नमुना भयो । माथिको विवरणबाट श्रावकयानको विकसित रूप महायान भनी बोध गर्न सकिन्छ ।

मानिस सामाजिक प्राणी भएकोले समाजबाट अलग बस्न सक्दैन । समाजको निमित्त सक्दो स्वस्थ सहयोगी भएर बाँच्न मनुष्यत्व तथा शान्त चित्त भयोकि घरमा सुखी परिवार हुने भयो । समुन्नत तथा शान्तिपूर्ण समाज सिर्जना गर्न आधार हुने भयो । गतिशील समाजबाट देशको उत्थान हुन्छ । विभिन्न मुलुकको भौतिक तथा आध्यात्मिक प्रगतिबाट विश्वशान्तिको निमित्त साधन हुने भयो । विश्वमा जति पनि धर्म छन् ती मध्येमा सबभन्दा व्यावहारिक तथा वैज्ञानिक धर्म बुद्धधर्म हो । यस धर्ममा अन्धभक्त, अन्धश्रद्धा तथा अलौकिकतालाई स्थान छैन । सफल मानव जीवन निर्वाह गर्नको लागि महामानव बुद्धले दिनुभएको उपदेशलाई कतिले धर्म नभनी जीवन पद्धति भनेको छ । फेरि धर्म नमान्ने नास्तिक भन्नेहरूले पनि विश्वशान्तिको निमित्त बुद्धको उपदेश नभै नहुने भनेर मानिरहेको पनि बुझिन्छ ।

नवग्रन्थ सूत्र (आर्य प्रज्ञापारमिता सूत्र, आर्य गन्धव्यूह सूत्र, आर्य दशभूमिस्वर सूत्र, आर्य समाधिराज सूत्र, आर्यसद्धर्म पुण्डरीक सूत्र, आर्य लंकावतार सूत्र, आर्य तथागत गुह्यसूत्र, आर्य ललितविस्तर, आर्य सुवर्ण प्रभात्योत्तम्) लाई महायानी भनेर पाठ गरेको तथा उल्लेख गरिराखेको पनि देखिन्छ । यस विषय बारे २०६७।९।१६ को सन्ध्याटाइम्स नेपालभाषाको सन्ध्याकालीन दैनिक पत्रिकामा प्रकाशित उपासक उदासको लेखमा उल्लेख भएको तलको कुरा सान्दर्भिक छ :-

**"वज्रसत्व नै गुरु मानिआएका वज्राचार्य, गुठीहरु छन् । उनीहरुले प्रचार तथा देशना गरेका बुद्धधर्मलाई वज्रयान भनिन्छ । अनि वज्रयान विषयमा जनता र जजमानलाई सुशिक्षित र तालिम गर्ने भएकोले गुरु भाजु (गुभाजु) लाई वज्र आचार्य पद तथा उपाधि दिइराखेको बुझिन्छ । नवग्रन्थ मध्यमा केवल प्रज्ञापारमिता एक महायानी भएको र सबै वज्रयानी सम्प्रदायको मान्यता प्राप्त सूत्रग्रन्थ भन्ने अन्वेषकहरुको निष्कर्ष छ । यस तथ्यलाई नजानेर होकि सबै महायानी नवग्रन्थ भनेर प्रचार गरेको रहेछ । यदि प्रचार गरेको जस्तो सबै महायानअन्तरगतको धर्मशास्त्र हो भने यसलाई प्रवचन दिनेलाई वज्राचार्य होइन महायानाचार्य भन्न सुहाउला । गुरु वज्राचार्य नै भन्नको लागि त वज्रयानी ग्रन्थ भन्न सुहाउँछ ।"**

नाम नै महायान भएकोले अरू सम्प्रदाय भन्दा फरक हुन्छ । महायानको मूल ग्रन्थ षट्पारमिताको रूपमा बोधिचर्यावतार भएको अनि अजारौं अर्हत् भिक्षुहरूलाई बुद्धले देशना गर्नुभएको सत्यतथ्य कुरो गम्भीर रूपमा विचार विमर्श गर्दा श्रावकयानको विकसित रूप महायान भएको स्पष्ट बोध गर्न सकिन्छ । यस विषयमा श्रद्धेय भिक्षुहरूसँग सकारात्मक छलफल भएको छ । साथै बौद्ध विद्वान संस्कृतिविद् प्रा. शान्तहर्ष वज्राचार्यले सकारात्मक भावना प्रकट गर्नुभएको छ । षट्पारमिता मध्येमा सम्यक् दृष्टि र सम्यक् संकल्प साथको प्रज्ञास्कन्ध सबभन्दा महत्त्वपूर्ण छ । त्यसको बोध तथा चर्या नभैकन दान, शील, क्षान्ति, वीर्य, ध्यान पारमिता पनि पारंगत नहुने कुरा यहाँ उल्लेखनीय छ । निर्वाणको खुट्किला शील, समाधि, प्रज्ञा भैरखेकोले पनि प्रज्ञाको अग्रस्थान बोध हुन्छ । प्रज्ञास्कन्ध भैराखेकोले पनि प्रज्ञाको अग्रस्थान बोध हुन्छ । प्रज्ञास्कन्ध अत्यन्त महत्त्वपूर्ण पारमिता भएकोले यस प्रज्ञापारमिता ग्रन्थलाई सुनको अक्षरले लेखिराखेको बौद्ध ग्रन्थ पाटनको हिरण्यवर्ण महाविहार तथा काठमाडौंको थंबहिको विहारमा भएका छन् ।

प्रज्ञापारमिताको मुख्य ज्ञान शून्यता ज्ञान हो । शून्यताको सिद्धान्त अत्यन्त गम्भीर भएको छ । सामान्य रूपले मात्र विचार गर्दा शून्यता शब्दको अर्थ केवल रिक्तता अथवा केही नभएको मात्र लिइन्छ । तर त्यसो नभई यसमा महायानसम्बन्धी उच्चकोटीको दर्शन छिपिरहेको छ भन्ने विद्वानहरूको कथन रहेको छ । प्रज्ञापारमिताको व्याख्या धेरै विद्वानहरूले गर्ने प्रयास गरेको देखिन्छ । त्यसमध्येमा दिङ्नागले प्रज्ञापारमिताको सारांश (प्रज्ञापारमिता पिण्डार्थ) लेख्नुभएकोले

निम्न  कुरा उल्लेखनीय छ :-

"कल्पित, परतन्त्र तथा परिनिष्पन्न स्वभावलाई लिएर भगवान्‌ले प्रज्ञापारमिताको देशना गर्नुभएको हो । कल्पित वस्तुलाई नास्ति आदि शब्द निषेध गरिराखेको छ । परतन्त्र वस्तुलाई मायोपम आदि दृष्टान्त देशना गरिराखेको छ । दुई ग्राह्य विकल्प तथा दुई ग्राहक विकल्परहति भएकोले शुद्ध भएको परतन्त्र स्वभावलाई परिनिष्पन्न भनिराखेको हो । बुद्धले यी तीन कुरोबाहेक प्रज्ञापारमितामा अरू उपदेश दिनुभएको छैन । उक्त कल्पित, परतन्त्र, परिनिष्पन्न यी तीन शब्दको अर्थ बुझ्नसके प्रज्ञापारमिताको अर्थ बोध हुनेभयो ।"

यसरी नै थाईलैण्डका प्रसिद्ध भिक्षु बुद्धदासले लेख्नुभएको तगा भिक्षु धीर सुमेधोले अनुवाद गनुभएको "**बुद्ध शासनको सार**" पुस्तकमा पनि शून्यता विषयमा निम्न उल्लेखित ब्याख्या गरिराखेको स्मरणीय छः-

शून्यता भन्ने विषयमा ध्यान दिनुपर्ने महत्त्वपूर्ण छ । निब्बान परम शून्य हो । आफूले आफूलाई शून्यतामा राख्नसके शान्तपूर्वक जीवन निर्वाह गर्न समर्थ भई विञ्ञाण-विज्ञानको रोगबाट असर नपर्ने गरी रहन सक्नेभयो । बुद्धधर्म : अनित्य, अनात्मवाद भएकोले भित्रसम्म चिन्तन मनन् गर्दा संवृतिसत्य तथा परमार्थ सत्य बुझ्नुपर्ने भयो । संवृतिसत्यअनुसार संसारमा देखापरेका यावत चिज-पदार्थ-रूप-जीव व्यवहार चलाउन मात्र देखापरेका हुन् । यी सबै नाश भएर जाने भएकोले परमार्थ सत्यअनुसार भएको होइन शून्य हो भनेर बोध गरी निर्वाणको मार्गमा अग्रसर हुने हो । यही उच्चस्तरको प्रज्ञा-ज्ञान भयो, विञ्ञाणको रोग भनेको मनमा उत्पन्न हुने उपादान रूपमा म मेरो भन्ने रोग हो । यही म मेरो भन्ने दृष्टिकोणद्वारा स्वार्थ भावना उत्पन्न हुनेभयो । फलस्वरूप लोभ, द्वेष, मोह, उत्पन्न भएर आफूलाई र अरूलाई दुःख हुनेभयो । यसलाई समाधान गरेर निर्वाणको बाटोमा अग्रसर हुनको निमित्त "**सब्ब पापस्स अकरणं, कुसलस्स उपसम्पदा । सचित्त परियोदपनं, एतं बुद्धानुसासनं** ।। (सबै प्रकारको पाप नगर्ने, पूर्णरूपले कुशल कामकुरो गर्ने, आफ्नो मनलाई परिशुद्ध गर्ने, यही नै बुद्धशासनको गम्भीर विचार शक्ति) बोध गरेर चर्या गर्नु हो । (धम्मपद)

माथि उल्लेखित कामकुरो गम्भीर रूपले विचार विमर्श गर्दा श्रावकयानको विकसितरूप महायान भएको स्पष्ट बोध गर्नसक्ने भयो । यसपालिको नयाँ वर्ष नेपाल संवत् ११३४ बाट प्रेरणा लिएर महायानको यथार्थ कुरो बुझी चर्या गरेर अग्रसर हुनसकोस् भनेर मैत्रीपूर्वक आशिका गर्दछु ।

Happy New Year 1134

**नेपाल संवत् ११३४ नयाँ वर्षको उपलक्ष्यमा हार्दिक शुभकामना साथै**

**देशमा शान्ति छाओस् भन्ने मैत्रीपूर्ण कामना ।**

**बलम्बु च्याउ सहकारी संस्था लि.**

**बलम्बु . काठमाण्डौ**

बलम्बु-६, काठमाण्डौ, फोन नं. ४३१४८४४,

इमेलः bmc_coperative@yahoo.com



# भगवान् बुद्धको तेश्रो नेत्र

✍ शुभरत्न शाक्य

> –"भगवान् बुद्धको निधारमा एउटा रौं हुन्छ, त्यो टिकाजस्तै हो" । भगवान् बुद्ध एक साधारण मनुष्यको मनुष्य छोरा–मान्छे हो । कुनै चमत्कारिकदेवता होइन ।
>
> –"ललितविस्तर" जस्ता ग्रन्थहरुका कारणले बुद्धजस्तो महामानवलाई एक काल्पनिक उपन्यासको पात्र बनाउँदा हामी आफैले आफ्नोअगाडि म बुद्धको सच्चा भक्त हुँ भन्न लाज हुनेछ ।

हामी नेपालीहरू चाड पर्वमा टिका लगाउँछौं । मठ–मन्दिर–चैत्यहरूमा देवीदेवता र भगवान् बुद्धको मूर्तिमा पनि टिका लगाइदिन्छौं । "टिका विजयको प्रतिक हो" एक पुजारीले भने, त्यस्तै कक्षा ९ मा पढ्ने आस्था घिमिरेले– "टिका ठूला बडाको आशीर्वाद हो । शान्ति र स्वस्तिको प्रतिक हो" भनिन् । प्राध्यापक मिलनरत्न शाक्यका अनुसार "टिका प्रज्ञाको प्रतिक हो ।" प्रायः जसो बौद्धहरू टिका प्रज्ञाको प्रतिक हो भन्छन् भने हिन्दूहरू विजयको प्रतिक हो भनेर भन्दछन् । यसै सन्दर्भमा स्वयम्भू पार्टि प्यालेसमा सानो सेमिनार भएको थियो । सेमिनारमा कोरियामा धर्म सिकेर आउनुभएका जेन गुरू दुआमले टिकाको बारेमा बताउने क्रममा "टिका बुद्धको तेश्रो नेत्र हो" भनेर बताउनुभयो । "भगवान् बुद्धको निधारमा एउटा रौं हुन्छ, त्यो टिकाजस्तै हो" भन्ने भनाईको खण्डन गर्दै उहाँले बुद्धको निधारमा कुनै रौं नभएको जिकिर गर्नुभयो । उहाँका अनुसार भगवान् बुद्ध एक साधारण मनुष्यको मनुष्य छोरा–मान्छे हो । कुनै चमत्कारिक देवता होइन भन्ने कुरा स्पष्ट पार्नुभयो ।

सामान्यतया हामी भ्रममा रहेछौं । "ललितविस्तर" जस्ता ग्रन्थहरूका कारणले बुद्धजस्तो महामानवलाई एक काल्पनिक उपन्यासको पात्र बनाउँदा हामी आफैले आफ्नोअगाडि म बुद्धको सच्चा भक्त हुँ भन्न लाज हुनेछ । "ललितविस्तरमा बुद्ध काखिबाट जन्मिएको, उहाँको दुईटा टाउको छ, एउटा प्रज्ञाको टाउको हो । उहाँले जन्मिने वित्तिकै सात पाइला चाल्नुभयो । उहाँले चाल्नुभएका प्रत्येक पाइलामा कमलको फूल फूलेको थियो" भन्ने वर्णन छ । तर जेन गुरू दोआमले ती सम्पूर्ण भनाइहरूको खण्डन गर्नुहुँदै बुद्ध ६ वर्ष तपस्या गर्ने क्रममा उहाँको टाउकोमा चराहरू बस्नआएका थिए । ती चराहरूले गुँड बनाएका प्रतिकको रूपमा बुद्धको शिरमा अर्को गुँड आकार थपियो । उहाँको तेश्रो नेत्रलाई नै रौं भएको भनियो । उहाँले धर्म प्रचारको क्रममा सातओटा द्विपमा जानुभयो । त्यसै कुरालाई प्रतिकात्मक रूपमा साहित्यकारहरूले जन्मने वित्तिकै सात पाइला चालेको भनेर भने । उहाँले नमोबुद्ध र मनीच्चुदको जातक कथा पनि पछिमात्र बनाइएका हुन् भन्नुभयो । ती जातक कथाहरू पाली त्रिपिटक जातक संग्रहमा पनि पाइँदैन ।

स्वयम्भू वरपर बत्ति बलेको देखेका उहाँले बत्ति भनेको त्रिलोकका प्रकाश भगवान् बुद्धको प्रज्ञा हो । त्यो प्रज्ञारूपी बत्ति बालेपछि मनको मोह, लोभ र क्रोध जलेर खरानी हुन्छ भन्ने कुराको प्रतिक बत्ति बाल्ने प्रचलन चलेको हो र धुप बाल्ने भनेको पनि बुद्धको उपदेशको आगोले हाम्रो मनमा भएको मयललाई खरानी पारी शील, प्रज्ञाको सुगन्ध आउँछ भन्ने प्रतिक हो । हाम्रो ६ इन्द्रियहरूबाट ६ प्रकारका दुःख हुन्छन् । मनको चञ्चलता ६X६=३६ प्रकारका र भविष्यत् कालमा ३६ गरी ३६X३=१०८ वटा दुःख हुन्छन् । हाम्रो मानव देह र मनमा भएका यी नै १०८ प्रकारका दुःखहरूलाई एक एक गरी हटाउँदै जानुपर्छ भन्ने शिक्षा दिन जपमालामा १०८ वटा भएको हो । फूल भनेको र पानी भनेको आस्था, विश्वास, श्रद्धा र अनित्यको प्रतिक मान्दै ती सबै पूजा सामाग्रीको आ–आफ्नै विशेषता र गोप्य अर्थ छ । घण्टीको अर्थ सुतिरहेको अज्ञानी मनलाई अलार्म बजाई उठाउनु हो । यसरी पूजा सामाग्रीको सही अर्थ बताएपछि श्रोताहरूको तेश्रो नेत्र ज्ञानको आँखा खुल्यो । लोभ लालचमा पूजा नगर्ने वरदान नमाग्ने कसम खाए । अबदेखि पूजा गर्दा भगवान् बुद्धको साँचो अर्थलाई मनन् गर्दै पूजा गर्ने बाचा गरे । साँचै नै हामी कतिपय कुराहरूमा भ्रममा परेका रहेछौं । हामीले विभिन्न आध्यात्मिक शक्तिहरूको उपासना गरेर भगवान्सँग आफू शक्तिशाली हुने प्रार्थना गऱ्यौं । वास्तवमा जपमाला जप्नु भनेको त दुःखबाट मुक्त हुनुपर्छ भन्ने कुरालाई बुझाउन त्यसो

गराइने रहेछ ।

हाम्रो शरीर मानिसको भएता पनि हाम्रो मनमा अज्ञानता लोभ भएका कारणले गर्दाखेरि हामी अहिले नर्क लोकमा नै छौं । भवसागरको चार्ट यस्तो हुन्छ :-

| **भवसागर** | **मुक्तहुने उपाय** | **पारमितानय** |
|---|---|---|
| देवता → | प्रज्ञाको अभ्यास | प्रज्ञा |
| मनुष्य → | ध्यानको अभ्यास | ध्यान |
| असुर → | परिश्रमको अभ्यास | तीर्थ |
| पशु → | सहन शक्तिको अभ्यास | क्षान्ति |
| प्रेत → | शीलपालन | शील |
| नरक → | धर्मदान | दान |

यसरी माथिको चार्टमा उल्लेख भएसरी, हाम्रो नर्कमा दुःख भोगिरहने संधै लोभ र क्रोध मनलाई नर्क लोकबाट माथि प्रेतलोकमा ल्याउन जति सक्दो धर्मदान गर्नुपर्छ । प्रेतलोक भनेको मुख सियोको प्वालजस्तो र पेट घैंटोजस्तो हुन्छ । त्यसको मतलब हाम्रो मन प्रेतलोकमा हुँदा भगवान् बुद्धका उपदेशहरू जति सुनेपनि अघाउँदैन मन मर्दैन । जति किताबहरू अध्ययन गरेपनि अपुग हुन्छ । त्यस्तो बेलामा हामीले दशप्रकारका शीलहरू पालन गरेर प्रेतलोकबाट मुक्त हुनुपर्दछ । ती दशप्रकारका शीलहरू यस प्रकारका छन् :-

१) जीवित मनलाई उदार गर्नु, हिंसा नगर्नु

२) बुद्धको शिक्षालाई चोरी नगर्नु

३) आफ्नो व्यक्तिगत स्वार्थ पन्छाएर बुद्धको मार्गलाई अंगाल्नु

४) बुद्धको शिक्षालाई झुठो अर्थ नलगाउनु

५) विभिन्न दार्शनिक, विद्वानहरूको मनसँग मिसिएको बुद्धको उपदेश ग्रहण नगर्नु

६) समयमै बुद्धको शिक्षा धारण गर्नु

७) बुद्धको मूर्ति बनाई माला, लेपन, सुन, हिरा मोटी जडान गरी सिँगार पतार नगर्नु

८) बुद्धको उपदेश सुनेर खुशी भएर ननाच्नु, बुद्धको उपदेशलाई गीत बनाएर बाजाको तालमा नगाउनु

९) आफूलाई अभियान, घमण्ड चढाइ समाजको अगाडि आफू उच्च र महान् स्थानमा नरहनु

१०) सुनु, चाँदी, हिरा, मोतीजस्तै भगवान् बुद्धको अमूल्य उपदेशहरूले जतिसक्दो अरूलाई बाँड्नु संधै आफूसँग मात्र साँचेर नराख्नु ।

यी दशप्रकारका शीलहरू राम्ररी पालन गरेर बुद्धको शिक्षामा कुनैपनि शंका नहुने गरी विश्वास गर्न सकिएमा हामी हाम्रो मनलाई प्रेतलोकबाट मुक्त पारी पशुलोकमा ल्याउन सक्षम हुन्छौं । यसरी जसरी नर्सरी, के.जी, १ कक्षा, २ कक्षा, ५ कक्षा, ६ कक्षा, ९ कक्षा, १०, कक्षा, ११ कक्षा, १२ कक्षा, स्नातक, स्नातकोत्तर र विद्यावारिधीमा क्रमशः परीक्षा दिँदै सफल हुँदै जाने जस्तै गरेर भगवान् बुद्ध, उहाँको धर्म र उहाँको श्रावकसंघमा विश्वासको डोरी बलियो बनाउँदै लगेमा हामी एक दिन बुद्ध बन्न सक्छौं । बुद्धका ८४,००० धर्मस्कन्धहरूको मुख्य दुई आसय भनेको १) आफू बुद्ध बन्नु र अर्को २) अरू बुद्ध बन्न चाहनेलाई मद्दत गर्नु ।

त्यसैले हामीले हाम्रो तर्फबाट सक्दो प्रयास गर्दै जानुपर्छ । यी सद्उपदेशहरूलाई जति सक्दो प्रचार गर्नुपर्छ । १० वटा शीललाई पालन गर्नुपर्छ । संधै आफ्नो घमण्ड र महत्त्वाकांक्षालाई तिलाञ्जली गर्दै साधारण जीवन बिताउनु पर्छ ।



# श्रद्धा नै ठूलो हो

✍ पूर्णकेशरी कारंजित

"श्रद्धा" भन्ने शब्द मलाई अति पवित्र लाग्छ । यो व्यक्ति ठाउँ र परिस्थिति हेरेर मानिस भित्रको मनमा उत्पन्न हुने एउटा पवित्र भावना हो । यस्तो भावना जब मनमा आउन थाल्छ, तब मानिसले परोपकारी काम गर्न थाल्दछ ।

कुरा के छ भने एकदिन मेरो बुबाले भिमरथारोहणको बेलामा छोराहरूबाट दुईवटा बेरूवा औंठी अपाउनुभएकोमा एउटा ठिक्कको आफैले (लगाउनु) लगाई राख्नुभयो र अर्को अलि ठूलै चाहिं यो मेरो हो भन्दै आफ्नै पासमा राख्न खोज्नुभयो । जुन आफैले राख्न नुहने थियो । हामी केही छोराछोरीहरूसँगै थियौं । लगतै मैले सोधिहालेँ- बा ! तपाईले किन यस्तो भन्नुभएको ? सबै नै तपाईकै त हो नि ! फेरि सुनजस्तो सामान आफ्नो पासमा राख्दा हराउन सक्ला वा केही हुन सक्ला, अरू अरू गहनाभित्र राख्याजस्तै यो औंठी पनि भित्र राख्न दिनुस् भन्दा "होइन यो मेरो आफ्नै हो म यसलाई छुट्टै राख्छु" भन्नुहुँदा केटाकेटीले जस्तै गरी जिद्दी गर्नुभएछ बाले त ! यस्तो कुरा सुनेर हामी सबै छक्क पऱ्यौं । बुबाले किन यस्तरी भन्नुभएको होला मानौं छोराछोरीमाथि विश्वासै नभएको जस्तै गरी भन्नुभएछ, सबै छक्क पर्ने गरी ।

एकदिन पछि बुबाको मनमा के रहेछ त भन्ने कुरो बुझ्न मन लागेर विस्तारै सोध्न थालें, तब बुबाले पनि करूणाले भरिपूर्ण स्वरले भन्नुभयो कि तिमीहरूले आफ्ना आमाको सम्झनामा आजाद स्कूलमा "गणेशकुमारी छात्रवृत्ति" भनेर सहयोग दिएकोजस्तै म पनि मेरो आमा-बुबाको नाउँमा यो औंठीबाट आएको पैसाले बुढा-बुढीहरूलाई सहयोग गर्ने मेरो इच्छा छ, त्यसैले यो औंठी एउटा मेरै हो भनेको हो, भन्ने जावाफ सुनेपछि हामी सबैलाई आनन्द भयो र मैले उत्तिखेरै भनिहालेँ, यो त धेरै राम्रो कुरा सोच्नुभएको रहेछ तपाईले । श्रद्धा जाग्नु भनेको ठूलो कुरा हो । तपाईंको यस्तो श्रद्धाले भरिपूर्णभएको इच्छा पुरा गर्ने जिम्मा म लिन्छु बा, पिर नगर्नुस् ढुक्क हुनुस् भनेर बचन दिएँ । वास्तवमा तपाईले मेरो एउटा यस्तो इच्छा छ है भनेर बचन मात्र दिनुभएको भए पनि हामी छोराछोरीहरूले तपाईंको इच्छा पुरा गरिदिइहाल्थ्यौं नि, भन्दै हैन मलाई यही औंठीको पैसाले नै यस्तो सहयोग गर्ने इच्छा भएकोले नै भनेको हो भन्नुभयो । यति कुरा सुनेपछि मनमा उब्जेका अनेक कालो बादलहरू एकाएक सेतो बादलमा परिणत भए ।

बुबाको बचन पूरा गर्न सर्वप्रथम राजेन्द्र मास्टरसावकहाँ सल्लाह लिन गएँ । वहाँले बृद्धाश्रमको विषयमा अलि पछि राम्रो परिस्थितिमा दिनु पर्ला कि भनेर जवाफ दिनुभयो । त्यसैले तुरून्तै औंठी बेचेर त्यो पैसा बैंकमा नै राख्दै गऱ्यौं । कहिलेकाहीं बुबाको "इच्छा" कहिले पो पूर्ण गर्न पाउला भन्ने मनमा कुरा खेल्न थाल्छ । धेरै समयपछि कुरा बुझ्दा बौद्ध बृद्धाश्रममा आशाकाजी सरले हेरिराख्नुभएको खबर थाहा पाएँ । त्यसपछि वहाँको घरमा सल्लाह माग्न गयौं । सरले पनि खुशीसाथ हामीलाई आवश्यक सल्लाह दिनुभयो । त्यसपछि आशाकाजी सरसहित म र मेरो भाइ शंकर तीनै जना उग्रतारा बहुउद्देश्यीय सहकारी संस्थातिर गयौं । त्यहाँ पुगेपछि दिवंगत पिता धर्मलालका पिता दिवंगत काजिलाल तथा माता दिवंगत न्हुच्छेकुमारीको नाउँमा बौद्ध वृद्धाश्रम-बनेपालाई ८४ हजारको अक्षय कोष स्थापना गरी त्यसबाट आर्जन गरेको व्याजले बृद्धबृद्धाहरूलाई आर्थिक सहयोग गर्ने उद्देश्यले उग्रतारा बहुउद्देश्यीय सहकारी संस्थामा खाता खोलिदियौं ।

अक्षयकोष स्थापना गर्न सहयोगी छोराछोरीहरू हरिप्रसाद, शिवप्रसाद, शंकरप्रसाद, सुन्दरप्रसाद, श्यामप्रसाद, बहिनी सुधिरा र म पूर्णकेशरी कारंजित ।

बौद्ध बृद्धाश्रम-बनेपामा हामीले विगत ०६६ भाद्र २१ गते नै सहयोग शुरू गरेका थियौं । त्यतिबेला त्यहाँ जम्मा ११ जना वृद्धबृद्धाहरू आश्रित थिए भने अहिले कम संख्या मात्र छन् । त्यसैले मेरो विचारमा आश्रममा बस्न चाहनुहुने जोकोहि महानुभावहरू बिना संकोच बस्न जान सक्नुहुनेछ जहाँ आफूलाई आनन्दले दिन बिताउने मद्दत पुग्छ ।

आश्रमभित्र खान पिउन, बस्नु डुल्न र सुत्न हरेकको राम्रो बन्दोवस्त भएको कुरा मैले देखें । हुन त बुढेसकालमा आफ्नै आँगनमा छोराछोरी, बुहारी, नाति नातिनीहरू सित बस्ने जस्तो सुख त कहीं पनि पाउन सकिँदैन, जुन कुरा सबैलाई अवगतै छ । तैपनि कारणवश बृद्धाश्रममा बस्न जानुपर्ने भएपनि माथि उल्लेख गरेका कुरा झैं ठीकै हुनेछ ।

अन्त्यमा, अध्यक्ष कोण्डन्य भन्तेद्वारा संचालित बनेपास्थित बौद्ध वृद्धाश्रमलाई माया गर्ने श्रद्धालु व्यक्तिहरूको खाँचो भएको मैले महशुस गरेकी छु ।

# सन्दर्भ शाक्यानन्द स्मृति-दिवस

✍ अर्चना शाक्य

पूज्यपाद् संघनायक भिक्षु शाक्यानन्द महास्थविरको १६ औं स्मृति दिवस एवं भिक्षु शाक्यानन्द स्मृति गुठी आनन्द विहारको १६ औं वार्षिकोत्सव तानसेन पाल्पामा दुई दिवसीय धार्मिक कार्यक्रमको आयोजना गरी सम्पन्न गरिएको छ ।



पिता कुलधन शाक्य र माता चिरिमाया शाक्यको कोखबाट दोस्रो सुपुत्रको रूपमा चक्रधन शाक्यको जन्म भोजपुरको टक्सारमा वि.सं. १९६७ मा भएको थियो । वि.सं. १९८७ मा गृहत्याग गर्नुभई १९८९ सालमा श्रामणेर र १९९२ मा उपसम्पदा ग्रहण गरी भिक्षु शाक्यानन्द हुनुभएको थियो । बर्माको मोलमिन शहरको टाऊ माऊ च्याउँ विहारमा ७ वर्षसम्म बुद्धधर्मको गहन अध्ययन गर्नुभई नेपाल फर्केर वि. सं. २००४ देखि ५४ वर्षसम्म तानसेन पाल्पामा बस्नुभएको थियो । तानसेन पाल्पाका सम्पूर्ण बौद्ध उपासक उपासिकाहरूका धर्मपिता बन्न सफल भिक्षुले तानसेनमा थेरवाद बुद्धधर्मको उत्थानमा अतुलनीय प्रशसनीय कार्य गर्नुभएको थियो ।

नेपालको थेरवाद बुद्धशासनको प्रथम संघनायक भिक्षु प्रज्ञानन्द महास्थविरको वि.सं. २०४९ फागुन २८ गतेका दिन निधनपश्चात् अखिल नेपाल भिक्षु महासंघले संघनायक सम्मान समर्पण समारोह समिति तयार गरी वि.सं. २०५० कार्तिक २१ दिन तत्कालीन सम्माननीय प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाको प्रमुख आतिथ्यमा कीर्तिपुरस्थित नगरमण्डप श्रीकीर्ति विहारमा पूज्यपाद भिक्षु शाक्यानन्द महास्थविरप्रति संघनायक पद सम्मान समर्पण गरिएको थियो ।

वि.सं. २०५३ चैत्र १० का दिन वहाँ भन्तेलाई बर्मा सरकारले नेपालमा सद्धर्म प्रचारप्रसार गरेको योगदानको कदरस्वरूप **अग्गमहासद्धम्मजोतिकधज** नामक उपाधिले सम्मान गरेको थियो । वहाँको निधन वि.सं. २०५४ कार्तिक ८ गते ८८ वर्षको उमेरमा भएको थियो ।

पूज्यपाद् भन्तेको निधनपछि वि.सं. २०५५ वैशाख १० मा भिक्षु रहनुभएको आनन्द विहारमा भिक्षु शाक्यानन्द स्मृति गुठीको स्थापना भएपश्चात् गुठीले हरेक वर्ष कार्तिक कृष्णपक्ष नवमीका दिन वहाँको गुणानुस्मरण दिवस मनाउँदैआइरहेको छ । गुठीको १४ औं वार्षिकोत्सवपछि गुठीलाई व्यापकता प्रदान गर्न विभिन्न बौद्ध संघसस्थाका अध्यक्ष सचिवहरूलाई गुठीको सदस्यको रूपमा ग्रहण गरी नयाँ कार्य समितिको गठन गरिएको छ ।

संघनायक भिक्षु शाक्यानन्द महास्थविरको स्मृति दिवस तथा गुठीको १६ औं वार्षिकोत्सव कार्यक्रम दुई दिवसीय धार्मिक कार्यक्रमको आयोजना गरी आनन्द विहारमा सम्पन्न गरिएको छ ।

वि.सं. २०७० कार्तिक ११ गते आनन्द विहारमा एक धार्मिक कार्यक्रमको आयोजना भयो । ज्ञानमाला भजन श्रवणपछि प्रमुख अतिथि धम्मानुसासक भिक्षु अशोक स्थविरसमक्ष पंचशील प्रार्थना तथा धर्मदेशना सम्पन्न भयो । त्यसपछि सामूहिक बुद्धपूजापश्चात् दिवंगत संघनायक महास्थविर भन्तेको फोटोमा माल्यार्पण तथा दीपप्रज्वलन गरी कार्यक्रम अगाडि बढ्यो । गुठीका अध्यक्ष उपासक छत्रराज शाक्यले दिवंगत संघनायक महास्थविर भन्तेको जीवनी तथा योगदानबारे प्रकाश हुँदै

नेपाल र पाल्पामा थेरवादी बुद्धधर्मको संरक्षण एवं विकास गर्नमा महत्त्वपूर्ण योगदान दिनुभएको चर्चा गर्नुहुँदै उहाँलाई निर्वाण प्राप्तिका लागि कामना गर्नुभयो । कार्यक्रममा गुठीका सचिव उत्पल वज्राचार्यबाट गुठीको वार्षिक प्रतिवेदन तथा कोषाध्यक्ष देवप्रसाद वज्राचार्यबाट आय-व्ययको विवरण पेश गर्नुभयो । कार्यक्रममा ज्ञानमाला संघ, आनन्द विहारका अध्यक्ष रत्नमान वज्राचार्य, ज्ञानमाला सभा महाचैत्य विहारका उपाध्यक्ष उत्तम कुमार वज्राचार्य, बौद्ध महिला सेवा समिति, आनन्द विहारका उपाध्यक्ष शोभा शाक्यले दिवंगत संघनायक महास्थविर भन्तेप्रति श्रद्धाञ्जली व्यक्त गर्दै गुणानुस्मरणसहित श्रद्धा-सुमनका शब्दहरू अभिव्यक्त गर्नुभयो । गुठीले भिक्षु शाक्यानन्द महास्थविरको स्मरणमा भिक्षु शाक्यानन्द स्मृति-ग्रन्थ प्रकाशन गर्ने निर्णय गरेको छ । उक्त ग्रन्थ प्रकाशित गर्न कार्यक्रममा विभिन्न श्रद्धालु धर्मप्रेमी उपासक उपासिकाहरूले यथाश्रद्धा आर्थिक सहयोग उपलब्ध गराएका थिए । स्मृति-ग्रन्थको लागि करूणा बौद्ध संघ होलाङ्दी विहारबाट रू. ५,०००।-, छत्रराज शाक्यबाट रू. ५,०००।-, उत्तम कुमार वज्राचार्यबाट २,०१०।-, मित्रलाल वज्राचार्यबाट रू. १,००५।-, प्रविणराज शाक्यबाट रू. १,००५।-, चिनियालाल वज्राचार्यबाट रू. ५००।-, सन्तकुमारी वज्राचार्यबाट रू. ५००।-, प्रभा शाक्यबाट रू. ५००।- प्रदान गरिएको थियो । यस्तैगरी दिवंगत संघनायक भिक्षु शाक्यानन्द महास्थविरको पुण्यस्मृतिमा वि.स. २०७० कार्तिक १० का दिन तानसेन प्रभासस्थित लुम्बिनी मेडिकल कलेज तथा शिक्षण अस्पतालमा करिब एक सयजना विरामीहरूलाई गुठीको तर्फबाट फलफूल वितरण गरिएको छ । उक्त फलफूल वितरण कार्यक्रम गुठीका सदस्य विश्वमान वज्राचार्यको संयोजकत्वमा सम्पन्न भएको थियो ।

# मनूया शोभा

- निर्मला श्रेष्ठ
(शिक्षण सहायक T. U.)

मनू जुया मनूया/प्राणीया/मेगु वस्तुया गुण लुमंकी ।
सारा वस्तुया अवगुण ल्वमंकी मनय् दुनें निसें ।

न्ह्याबलें सदासदां सत्य वचन ल्हाये सयेकी ।
जुइ अले न्ह्याबलें न्ह्याबलें सुख हे सुख ।

भिंमनूया संगतं भिना हे वनी सदां
उकिं खराब मनूया संगत त्व:ता: हे छ्वयेमाल ।

मभिं मनय् तइम्ह मनूयात ताता पाकेमाल ।
सज्जन शुद्धभाव दुम्ह मनूया संगत यायेमाल ।

सुं प्राणीप्रति नं रीसराग लोभमोह तयेमजिल ।
दक्व प्राणीयात माया या:सां शुद्धभावं यायेमाल ।

सुं प्राणीयात नं दु:खपीर बिइगु मतिइ तयेमजिल ।
परहित परोपकारीभाव दुनुगलंनिसें ब्वलंकेमाल ।

ईच्छा आकांक्षा सुप्रति नं तयेमजिल ।
सेवा सदां मेपिन्त याये फयेकी शुद्धभावं ।
थ्वहे मनूया शोभा ख: धैगु सिइकी ।
मनय् दुने पवित्र भावना तये सयकी ।

# सतर्क जुइनु

**- हेरारत्न शाक्य, युवक बौद्ध मण्डल**

चाकुइ भुजिं भुने थें हे
रागय् भ्रीपिं भुनेय:
न नं चाकुइ तुति तक्यं थें
रागय् दुना भ्रीपिं थाहां वय् मफयेय: ।

लिबात न्हां लिफ: स्व पासापिं
वनेमानि तापाक मथ्यंनि भ्रीपिं
प्वा:जा:सां लिहां वये मस:पिं
लोभ थाकुरा थें च्वनी पासापिं ।

ई घुर्के मते सा:गु खनेवं
ल्व: वंके मते बाँलापिं खनेवं
चिउ मनयात अनित्य क्यना
प्याहां मवंक मन ध्यानं पना ।

# कर्तब्य परायण सारिपुत्र

- राज शाक्य, ल. पु.

ईश्वर भक्त अन्धविश्वासी ब्राह्मणीका
सुपुत्र थिए सारिपुत्र
ब्राह्मणी मान्थिन् ब्रह्मा हो ईश्वर
संसारमा एक मात्र ।
नित्य पुज्थ्यो भाव-विह्वल भई
सर्वशक्तिमान भनी ब्रह्माको
भक्ति भएपनि मन कपटी थियो
कट्टरपन्थि ब्राह्मणीको ।
पूजा-आजा गरी मख्ख हुन्थिन्
अन्धविश्वासकी धनी ब्राह्मणी
मिथ्यादृष्टिमा परी, दया माया थिएन
उनको मनमा रत्तिभर पनि ।
यता सारिपुत्र भए शिष्य
भगवान् सम्यक् सम्बुद्धका
विशुद्धिमार्गका पथिक बने
धारण गरी परिशुद्ध शीलका ।
आमाको दृष्टिमा पऱ्यो पुत्र
चेला विपरीत धर्मको
गाली गर्थिन् पशु, कुलनाशक
आफ्नो परम्परा धर्मको ।
त्यागे सारिपत्रुले अन्धविश्वास, ईश्वर
सत्संगत पाएर बुद्धका
मुक्त भए जन्म-मरण दुःखबाट
साधना ध्यान गरी विपश्यनाका ।
दिन-रात भन्दाभन्दै
बिते अनेक वर्ष वर्षान्त
प्रकृतिको अटल नियममा
हुन्छ चल-अचल सबको अन्त ।
थाहा पाए सारिपुत्रले आफ्नो
हुने परिनिर्वाणको समय
सोचे-म त अरहन्त भइसकें
छैन मृत्युदेखि केही भय ।
तर आमाको दृष्टि छैन ठीक
छैन श्रद्धा, बहुश्रुत, छ अशिक्षितमा
त्याग चेतना छैन, छ कपटी
परेर मिथ्यादृष्टिक जालमा ।
निर्वाण अंगाल्नु ठीक छैन मलाई
छोडी आमालाई मिथ्या दृष्टिमा
कर्त्तब्य मेरो पूरा भएको छैन
पुऱ्याउनु छ आमालाई सम्यक् दृष्टिमा ।
विचारी यति आफ्नो गाउँ पुगी
खबर पठायो आमालाई
बस्न आएँ, ठीक गरी राख
म जन्मेको कोठा मलाई ।
आमा ब्राह्मणी भन्छिन् बुदबुदाई
कुलंगार मर्ने बेलामा फर्किएछ घर
पुग्यो होला भिक्षु भई बस्ने लहर
त्यागेर बस्ने होला अब चीवर ।
बस्नुभयो सारिपुत्र महास्थविर
आफ्नो जन्म कोठामा आई
चातुरमहाराज देवताहरू आई पूजा गरे
सारिपुत्रको निर्वाण हुने समाचार पाई ।
सारिपुत्रलाई पूजा गरी प्रणाम गर्न
आए देवादिदेव ईन्द्र, महाब्रह्मा पनि
आए दर्शन, पूजा गर्न राजाहरू पनि
छक्कपरी दैलोमा उभी, हेरिरहिन् ब्राह्मणी ।

आश्चर्यमा परेर सोधे छोरालाई-
भन न ए बाबु ! तेजस्वी फैलाई
आएका पहिला चारजना को हुन् ?
सारिपत्र- उनीहरू चातुरमहाराज देवताहरू हुन् ।

ब्राह्मणी- त्यसपछि आएका दुई जना नी ?
सारिपत्रु- ईन्द्र अनि तपाइले पुज्ने ब्रह्मा हुन् ।
ब्रा.- के तिमी ठूलो छौ वहाँहरू भन्दा पनि ?
सा.- र त आए ढोक्न मलाई ठूलो भनी ।

ब्रा- अहो ! थाहा पाइनं, तिमी यति ठूलो भएछौ
मूर्ख भई गाली गरें तिमीलाई अनेकौं
सा.- आएको हूँ म यहाँ, मिथ्यादृष्टि हटाउन तपाइको
सम्यक् दृष्टिक हुन अब शरण जानुहोस् बुद्धको ।

ब्रा.- हुन्छ बाबु होस आयो मलाई, परेको थिएँ भ्रममा
जान्छु भोली नै सतधर्म पाउन बुद्धका शरणमा
सा.- आमा तपाइको गुण तिर्नसकें पुऱ्याई सम्यक् दृष्टिमा
धन्य तपाइको जीवन सफल भयो सुगत शरणमा ।

"कर्त्तब्य मेरो अब पूरा भयो
हट्यो आमाको मिथ्या-धारण
बाँकी रहेन काम केही" भनी
हुनुभयो सारिपुत्र परिनिर्वाण ॥



# Religion and Rites

– Prof. Suwarna Sakya, Ombahal, Ktm.

"Anichchavata Sankhara"- the rite is infinite and Buddhism's knowledgeable perception that the entire ritual is transitory. The method and manner that people have been implying becomes the ritual method. In the method and manner of worshipping and praying, feast and festivals that is performed in the society from the birth to death are all created by men. All these short of human-made things are momentary. It is to intake Buddhist religion to modify our life in accordance to Buddha's sermons by pondering upon Four Noble Truths and understanding these mandatory things. Since the activity and tasks are applied according to Buddha's' discourse, this religion was called Buddhism. Whenever a person entangles his lifestyle like a spider into his own cobweb by engrossing in ceremonies though being a Buddhist then such person will be moving far away from the society and Buddhist religion. It is considered initiating ahead nearer to the religion if one steps ahead by embracing, understanding and considering transitory, suffering and inanimate.

The thing that has been embraced by somebody by maintaining it is called religion, since it is called so, the way of maintaining also changed and this change occurred in different devotees too which resulted to separate religions. When people took education into practice in the basis of profounder, their teaching and respect by paying faith over them, the name of religion also remained named after such religious preceptors. There will be a base of implying method of any religious matter. For those who follow Buddhism, the teaching given by Buddha has remained the base of the region. The five moral precepts, eight precepts and the matters of ten precepts and the fundamental practice of teachings are consists in Buddhism. According to Buddha, precepts are the regulation of behavior that a person shows. To practice to follow this rule is to become religious. To move on by destroying the religious rule is to become irreligious. To become patient by being related with religious law, to follow the meditative feeling, to pertain the deliberation etc is to be involve in strengthening religious attribute. If the person who involves in Buddhist religious feeling increases the association with activities that grows rituals rather than decreasing it, then it will be getting involved tin ceremonies. Today, Even the Buddhists seemed to be so only in the name because of ambush in the main objective of Buddhism since today's reality is being moved by mixed culture. Since Spiritualism and theism has been deep rotted in Nepalese society from the longer period, Nepalese Buddhists are getting ensnared in Spiritualism and Theism unknowingly. Even thus people who are unaware of major principle of Buddhism are being preceded towards the activities and rituals and manners that will provide support to Spiritualism and Theism. Thus, Buddhists are becoming involved in worshipping and feast and festivals. They seem to be emphasizing the conduct that is contrary to Buddhism in the name of culture preservation and virtue saving. Moreover, the robe wearing monks who are ordained to monkshood even have been seen emphasizing the teaching that equals to home dwellers. The monks who try to make even the house dwellers the devotee by being themselves passionate now seems to be engage in cultural practice. Their leadenness in such involvement is seen increasing.

As other religious devotees who wish for peace by performing holy fire sacrifice in order to cease the chaos that had spread in the world, the Antitheist Buddhist also are following the procedures of Theist wishes by neglecting Karmaism. Then it seems like wetting the feet while trying to pour the water over head. The Buddhist activity of only wishing by doing nothings cannot be said as against

the followers of Karmaism. The importance of Walkathon done by a group of people for political and administrative pressure will be in its own place, but conducting peace procession only by wishing for peace and doing no activities that would bring peace will be like a student wishing to God to make him pass on exam without studying. What more it will be lie? How much it'll be appropriate to think that the conflict between each other will be over by keeping enmity? Will it be better to leave drinking alcohol or wishing god for peace by drinking and fighting? In Buddhism, e cannot consider a person as educated who has been called education only because of obtaining the paper-certificate but not received the conceptual teaching of practical matter like these.

Today's world is of science and technology. But how much will it be appropriate to practice the use of science and technology without its implication by our body and behavior? If science and technology can increase happiness and peace in human life then it'll be a blessing in our life but if it destroys the human life then how its development can be a boon rather than a curse for human life? In reality, regarding this context, it will not be the defect of development but it is fully the defect of people who do not follow the human-religion. It is nature's rule that the virtue and flaw comes according to age in our life. Therefore, if we're to eliminate natural flaws that come with natural law, then it is possible that the virtue will rise by eradicating the faults. Since such virtues are collected and the teaching that helps to human welfare is consisted, Buddhism has been regarded as the scientific religion. The religion that overcomes the culture by the transitory feeling is Buddhism. The practice of moral precepts is really useful culture in Buddhist teaching. That's why; Buddhism is not the religion which should be followed only after becoming older by singing the god's hymen and relying in others. But it is the religion that will let us exercise the friendship, compassion, joy and indifference. Since there are immense texts on Buddha's life and his principle, there are numerous explanations found of these scriptures. But the summary and gist of the four noble truths and Eightfold path have remained one. Nonetheless, the incoherence and the nonsense debate haven't gained input into it. These are the features that provide Buddhism a separate existence in front of other religions. If any other logic tries to deviate the teachings of Buddha accept these principle, then that will directly be the illogic. To remain in these principles is the symbol of Buddha's' devotee. No mater how much the ink-filled pen is jotted, the truth and reality will remain in its place. It is the task of the devotees of real religion to identify the people who consider themselves to be wise and intelligent by blowing own trumpet. To involve ourselves in to the welfare of all being by qualifying the religion and culture is to become disciple of Buddhism. Otherwise, this world will be suffering in the ember of rebirth by being the victim of culture.

**Happy New Era N.S. 1134**

CANON 2066
Saving & Credit Co-operative Limited

**CANON**
**Saving & Credit Coperative Society Ltd.**
Swoyambhu-15, Sanobharyang, Kathmandu
Tel.: 4288868, E-mail: canon_sc@email.com

# बौद्ध गतिविधि

## २२७५ औं शस्त्रपरित्याग दिवस सम्पन्न

२८ आश्वीन, काठमाडौं । अखिल नेपाल भिक्षु महासंघका महासचिव भिक्षु कोण्डन्यको प्रमुख आतिथ्य एवं थेरवाद बौद्ध दायक केन्द्रीय परिषद्को आयोजनामा "**२२७५ औं शस्त्रपरित्याग दिवस**" सम्पन्न भएको छ । त्रिरत्नरूपी तीनवटा दीप-प्रज्वलन गरी उद्घाटनपछि पञ्चशील प्रार्थनापछि शस्त्रपरित्याग दिवस विजयादशमीको दिनभन्दा अगाडि नै दशैंको विकल्पमा रचनात्मक सांस्कृतिक प्रवाह प्रभावकारी एवं आकर्षक ढङ्गले आयोजना गर्नेतर्फ गम्भीर हुनुपर्ने बारे बोल्नुभयो ।

समारोहमा सुगत महाविद्यालयका प्राचार्य विद्वान डा. सानुभाई डंगोल, डा. लक्ष्मण शाक्य, ज्यापु महागुथिका अध्यक्ष विपिन महर्जन, का.म.न.पा.का पूर्व मेयर केशव स्थापितले शस्त्रपरित्याग दिवसको महत्त्वसम्बन्धी बोल्नुभयो ।

परिषद्का अध्यक्ष एवं कार्यक्रमका सभापति बखत बहादुर चित्रकारले मन्तव्यसहित सभाविसर्नन गर्नुभएको सो सभामा आशारत्न तण्डुकारबाट स्वागत, कोषाध्यक्ष संघरत्न शाक्यबाट साधुवाद ज्ञापन तथा कृष्णकुमार प्रजापतिबाट कार्यक्रम संचालन भएको थियो ।

यसरी नै भक्तपुरस्थित ठिमीको नगदेश बौद्ध समूहको आयोजना तथा भिक्षु राहुलको उपस्थितिमा धार्मिक कार्यक्रमसहित "**२२७५ औं शस्त्रपरित्याग दिवस**" सम्पन्न भएको छ । सम्राट अशोकले कलिङ्ग युद्धबाट पाठ सिकी निःशस्त्रीकरण अभियानको सूत्राधार गर्नुभएको बारे समूहका सचिव कृष्णकुमार प्रजापतिले विस्तृत व्याख्यात्मक मन्तव्य दिनुभयो ।

## मैतिदेवीमा साप्ताहिक परित्राण-उपदेश

९ कार्तिक, काठमाडौं । ९१ वर्षको उमेरमा निधन हुनुभएका उपासक भक्तलाल चित्रकारको स्मृतिमा सातदिनसम्म भिक्षु-अनागारिकाहरूबाट परित्राण तथा मरणानुस्मृतिसम्बन्धी धर्मदेशना कार्य सम्पन्न भएको छ । दिवंगत उपासक आनन्द-भूमि बौद्ध मासिकका निरन्तर लेखक-रचनाकार शिशिल चित्रकारका प्रातःस्मरणीय पिता हुन् ।

## आनन्द कुटी विहार

स्वयम्भू, काठमाण्डौं, फोन नं. ४-२७१४२०

### कार्तिक पूर्णिमा (कतिं पुन्हि) को कार्यक्रम

२०७० कार्तिक १ गते शुक्रबार

| | | | | |
|---|---|---|---|---|
| ६ : ३० | - | ७ : १५ सम्म | ध्यान बस्ने | भिक्षु अस्सजी |
| ७ : १५ | - | ८ : ०० सम्म | चंक्रमन गर्ने | भिक्षु अस्सजी |
| ८ : ०० | - | ९ : ०० सम्म | जलपान र ज्ञानमाला भजन | |
| ९ : ०० | - | ९ : १५ सम्म | शील-प्रदान र बुद्धपूजा | भिक्षु धर्ममूति |
| ९ : १५ | - | १० : ०० सम्म | धर्मदेशना | भिक्षु शरणंकर |
| १० : ०० | - | १० : ४५ सम्म | धर्मसाकच्छा | भिक्षु शरणंकर, भिक्षु अस्सजी, भिक्षु धर्ममूर्ति |
| १० : ४५ | - | १० : ५० सम्म | परित्राण-पाठ | सामूहिक |
| १० : ५० | - | ११ : ०० सम्म | पुण्यानुमोदन र दान-प्रदान | भिक्षु महानाम |
| ११ : ०० | - | ११ : ३० सम्म | भन्ते गुरुमाँहरुलाई भोजन | |
| ११ : ३० देखि | | | उपासकोपासिकाहरुलाई भोजन | |

भवतु सब्ब मङ्गलं ।

जलपान भोजन दाता : धम्मावास, सुर्यमाया

संयोजक : भिक्षु महानाम, आनन्दकुटी विहार, स्वयम्भू, फोन नं. ९८०१०२०३७८